मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
✆ 9808835198
✆ 9807170995
✆ 9803474311
✆ 9854028218

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
Madheshdristi National Daily
www.emadheshdristi.com

**भारत र क्यानडाबीचको सम्बन्धमा तनाव**

पृष्ठ ७ मा



● वर्ष २ ● अंक ३२३ ● २०८१ साल कार्तिक ०१ गते बिहीबार ● Thursday 17, October 2024 ● सूर्योदय: बिहान ६:०६ बजे ● सूर्यास्त: साँझ ५:३५ बजे ● पृष्ठ ८ ● मूल्य रु. ५/-

## एसएसबीलाई आक्रमण गर्ने दुई पक्राउ



**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज–रक्सौल सीमामा मंगलबार भएको गोली प्रकरणमा भारतीय सीमा सुरक्षा बल (एसएसबी) माथि हातपात गर्ने कार्यमा संलग्न दुई जनालाई भारतीय प्रहरीले पक्राउ गरेको छ । नेपाल–भारत सीमा नाकाको दशगजा क्षेत्रमा मंगलबार दिउँसो नेपालबाट कबाड लिएर जाँदै गरेका तस्करलाई एसएसबीले रोक्न खोज्ने क्रममा झडप हुँदा एसएसबीका जवानले दुई राउन्ड गोली चलाएका थिए । एसएसबीसँग झडप भएपछि नेपालतर्फ भाग्दै गरेका कबाड तस्करलाई लखेट्दै आएका एसएसबीका जवानले गोली चलाए पनि मानवीय क्षति भएको थिएन ।

एसएसबीले चलाएको गोलीको खोका नेपाली भूमिमा भेटिएको थियो । तस्करले एसएसबीका जवानद्वय नवीन कुमार र श्री पालमाथि आक्रमण गरेर लछार्दै नेपालतर्फको दशगजा क्षेत्रमा लैजान खोजेको र हतियारसमेत खोज्ने प्रयास गरेपछि आत्मरक्षाका लागि एसएसबीका जवान नवीन कुमारले दुई राउन्ड गोली चलाएपछि कबाड तस्कर नेपालतर्फ भागेको एसएसबीका कमान्डेट विकास कुमारले बताए । मंगलबारको घटनामा एसएसबीमाथि आक्रमण र ढुंगामुढा गर्ने समूहमध्येका दुई जनालाई मंगलबार बेलुकी नै रक्सौलस्थित हरैया थानाका थानाध्यक्ष अञ्जन कुमारको नेतृत्वको भारतीय टोलीले पक्राउ गरेको भारतीय प्रहरीका एसपी स्वर्ण प्रभातले जानकारी दिए ।

उनका अनुसार, पक्राउ पर्नेमा भारत रक्सौल, अहिरवा टोलाका जितु कुमार र खुर्शिद आलम छन् । घटनामा संलग्न अन्य व्यक्तिको खोजी भइरहेको एसपी प्रभातले बताए । मंगलबार दिउँसो नेपाल–भारत सीमास्थित मितेरी पुलको दक्षिणपट्टिको क्षेत्रमा गोली चलेपछि नेपालबाट नेपाल प्रहरीका प्रहरी नायब उपरीक्षक दीपक भारती, सशस्त्र प्रहरी उपरीक्षक राधेश्याम धिमाल, सशस्त्र प्रहरी नायब उपरीक्षक सुरज रिजालसहितको टोली घटनास्थलमा पुगेको थियो । त्यसक्रममा उनीहरुले भारतीय प्रहरी र एसएसबीका अधिकारीसँग घटनास्थलमै भेटेर घटनाबारे छलफल गरेका थिए । यता जिल्ला प्रहरी कार्यालय पर्साका प्रहरी नायब उपरीक्षक दीपक भारतीले मंगलबार सीमा क्षेत्रमा भएको घटनाबारे नेपाल प्रहरीले पनि आफ्नो तरिकाबाट अनुसन्धान गरिरहेको बताए ।

## बिर्सियो सरकारले संविधान संशोधनको कुरा




**मधेशदृष्टि**
**काठमाडौं ।**
तपाईंलाई थाहै छ, यो सरकार संविधान संशोधनको एजेन्डासहित परिवर्तन भएको हो । सिंगो मधेश संविधान जारी भएपछि अहिलेसम्म असन्तुष्ट छ । संघीयता कार्यान्वयनको पाटोमा प्रदेश सरकार अलोकप्रिय भएपछि यसलाई पनि परिस्कृत र परिमार्जनको ध्येय बोकेर गठबन्धन फेरिएको भनिएको थियो । उसो त उपराष्ट्रपतिको भूमिका पनि हेरफेर गर्दै मितव्ययी सरकार सञ्चालनका लागि राष्ट्रिय सभा अध्यक्षको भूमिका दिनेबारे संविधान संशोधनको चर्चा गरिएको थियो । तर असार २७ गते सरकार बनेपछि नेपाली कांग्रेस र नेकपा एमालेका नेताहरुले यो विषयमा कुनै सम्बोधन गरेका छैनन् । उनीहरुले नै संविधान संशोधनको कुरा बिर्सिएका छन् ।

अरु त अरु स्वयम् प्रधानमन्त्री केपी शर्मा ओली र सत्ता साझेदार नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले पनि संविधान संशोधनको मुद्दा बिर्सिएका छन् । बुधबार काठमाडौमा भएका दुई कार्यक्रममा प्रधानमन्त्री ओली र कांग्रेस सभापति देउवाले संविधान संशोधनको उच्चारण नै गरेनन् । सरकार एक सय दिन पुग्न लागिरहेका बेला बरु सरकार ढल्ने हल्ला फगत चलाइएको भनेर प्रधानमन्त्रीले ढाकछोप गरे भने प्रहरी ऐन संशोधन गरिने बताए, संविधान संशोधनको मुद्दामा केही बोलेनन् । प्रहरी र कर्मचारीका ऐनबारे जोडतोडले बोलिरहेको सरकार संविधान संशोधनबारे किन चुइँक्क बोल्दैन ? प्रश्न गर्ने बेला भएको छ ।

बुधबार नेपाल प्रहरीको कार्यक्रममा प्रधानमन्त्री ओलीले संसदका दुई ठूला राजनीतिक दल मिलेर बनेको गठबन्धन सरकार परिवर्तन हुन्छ भन्ने भ्रममा नपर्न सबैमा आग्रह गरे । ६९ औँ प्रहरी दिवसका अवसरमा प्रहरी प्रधान कार्यालय नक्सालमा आयोजित कार्यक्रममा उनले निश्चित अवधिपछि मात्रै सरकार आफैँ फेरिने दोहो¥याए । ‘अहिले दिनैपिच्छे सरकार परिवर्तन हुन्छ भन्ने सुनिन्छ, दशैँपछि तुरुन्त परिवर्तन हुन्छ रे, कुन दशैँ भनेको ? ८४ सालको दशैँपछिको चुनावमा ? ठिकै हो । त्यसभन्दा यता मैले एक वर्ष नौ महिनापछि शेरबहादुर देउवालाई हस्तान्तरण गर्छु । त्यसबेला आफैँ फेरिन्छ यो सरकार,’ प्रधानमन्त्री ओलीको पुरानै शैलीको सम्बोधन थियो ।

उसो त यो सरकार संविधान संशोधन, उपराष्ट्रपतिको कार्यक्षेत्र र अधिकार परिवर्तनसँगै प्रदेश सरकार व्यवस्थापनमा रचनात्मक ढंगले हेरफेरको मुद्दा बोकेर बनेको थियो । तर बुधबार प्रधानमन्त्री ओलीको भने, ‘नेपालको राजनीतिक इतिहासमा ठूलो योगदान गरेका नेपाली कांग्रेस र नेकपा एमाले मिलेर बनेको लगभग दुई तिहाइको सरकार ‘खरानीको डल्लो’ होइन ।’ प्रधानमन्त्री ओलीले जनप्रतिनिधिमार्फत निर्माण गरिएको संविधान र जनताको सङ्घर्षको बलमा स्थापित लोकतान्त्रिक प्रणालीमा कुनै ‘कम्प्रोमाइज’ नहुने बताए । उनले नेपाली जनतामा सार्वभौमसत्तानिहीत रहेको प्रणाली रक्षा गर्नु सम्पूर्ण नेपालीको कर्तव्य भएको बताए । ‘पूर्वज र अग्रजले यो देशको निर्माण र समृद्ध बनाउने सन्दर्भमा धेरै बलिदान र कष्ट व्यहोर्नुभएको छ । आजको स्वतन्त्रतायुक्त समाज यत्तिकै आइलागेको होइन, यो बडो मेहनतका साथ आएको हो,’ प्रधानमन्त्री ओलीले भने, ‘जनतामा सार्वभौमसत्ता रहेको र जनता शक्तिको स्रोत रहेको संविधान र यसबाट निर्दिष्ट अहिलेको लोकतान्त्रिक प्रणालीको रक्षा गरिनेछ ।’ अलोकतान्त्रिक विधिबाट परिवर्तन गर्छु भन्नु अराजनीतिक विषय भएको उल्लेख गर्दै प्रधानमन्त्री ओलीले भने, ‘धेरै कुरामा ‘कम्प्रोमाइज’ हुन सक्दछ, तर प्रणालीको कुरामा कुनै सम्झौता हुँदैन । लोकतान्त्रिक प्रणालीमार्फत जुनसुकै परिवर्तन पनि ल्याउन सकिन्छ, चुनावमा जाऔँ, एउटा सरकार मन परेन भने चुनावका माध्यमबाट अर्को सरकार गठन गर्न सकिन्छ ।’ प्रधानमन्त्री ओलीले सङ्घीय संसद्को आगामी अधिवेशनबाट विद्यमान नेपाल प्रहरी ऐनलाई संशोधन गर्ने विधेयक प्राथमिकताका साथ पारित गरिने स्पष्ट पारे ।

## ‘गणतन्त्र संस्थागत अभियानमा सघाउनुहोस्’



नेपाली कांग्रेसका सभापति एवम् पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाले रचनात्मक सुझाव दिएर सङ्घीय लोकतान्त्रिक गणतन्त्र संस्थागत गर्न ‘जय नेपाल फाउन्डेसन’ लगायतका संस्थाको महत्त्वपूर्ण भूमिका रहने बताएका छन् ।

आफ्नै निवास बुढानिलकण्ठमा बुधबार फाउन्डेसनको स्मारिका ‘जय नेपाल सन्देश’ सार्वजनिक गर्दै सभापति देउवाले चेतनाको बाहक भएर लोकतान्त्रिक पदति र विधिको शासन स्थापित गराउन, सुशासन कायम गर्न र जनअधिकारको रक्षाका निम्ति फाउन्डेशनले उल्लेखनीय भूमिका निर्वाह गर्ने विश्वास व्यक्त गरे । उनले कांग्रेसलाई रचनात्मक सुझाव र सल्लाह दिएर गणतन्त्र संस्थागत गर्ने अभियानमा सघाउन फाउन्डेसनलाई आग्रह गरे । उनले पनि संविधान संशोधनको मुद्दामा केही बोल्न छाडेका छन् ।

## जंगली शैलीमा आक्रमण गर्नेलाई ज्यान मुद्दा



**सञ्जय मिश्रा**
**रौतहट ।**
कटहरिया बजारमा फिल्मी शैलीमा ५ किलोमिटर टाढाको गाउँबाट दर्जन बढी मोटरसाइकलमा तीन तीनजना लठ्ठीभाटासहित आएर स्थानीय राकेश गिरीमाथि सांघातिक आक्रमण गर्ने गिरोहलाई नेताहरुले बचाउन गरेको प्रयास असफल भएको छ । जिल्ला प्रहरी प्रमुख एसपी दिलीप घिमिरेको निर्देशनमा ५ जना कारबाहीको दायरामा आएका छन् ।



असोज २७ गते आइतबार बिहान ९ बजे ३५ वर्षीय गिरी कटहरिया नगरपालिका भवन छेउको चिया पसलमा बसिरहेका बेला रेकी गरेर वडा नम्बर ८ पिप्रापोखरिया गाउँबाट झण्डै तीन दर्जनको संख्यामा आएका मानिसले सांघातिक आक्रमण गरेका थिए । सामान्य निहुँमा अन्य गाउँबाट एकैपटक ठूलो संख्यामा आएर ज्यानै जाने गरी आक्रमण भएको कटहरिया बजारको इतिहासमै पहिलो घटना भएको स्थानीय व्यापारीहरूले बताए ।

कटहरिया–८ का वडा अध्यक्ष समिश बिक्रम साहको योजनामा दर्जनौँको संख्यामा आएका आक्रमणकारीले एक्कासि गिरीमाथि ढुङ्गा बर्साएको पीडित परिवारले बताए । ढुङ्गा प्रहारबाट गिरीको टाउको फुटेपछि आक्रमणकारीले सँगै ल्याएको बाँसको लठ्ठी, भाटा, दाउराले खुट्टादेखि टाउकोसम्म झण्डै १० मिनेट प्रहार गरेको प्रत्यक्षदर्शीले बताए । गिरीलाई मर्ने गरी अन्धाधुन्ध कुटपिट गर्नेक्रममा छुट्याउन गएकी चिया पसल

*बाँकी पृष्ठ २ मा*

## प्रहरी समायोजन भएनः मुख्यमन्त्री

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेशका मुख्यमन्त्री सतिश कुमार सिंहले साधनस्रोतका हिसाबले नेपाल प्रहरीले गरिरहेको काम प्रसंशायोग्य रहेको बताएका छन् । बुधबार जनकपुरधाममा नेपाल प्रहरीको ६९ औं स्थापना दिवसमा मधेश प्रदेश प्रहरी कार्यालयले गरेको कार्यक्रममा मुख्यमन्त्री सिंहले चाँडो प्रहरी समायोजन गरिदिन संघीय सरकारलाई आग्रह गरे ।

मुख्यमन्त्री सिंहले प्रहरी समायोजन नभएका कारण प्रदेश सरकारको कामकारबाही चाहेजस्तो नभएको बताए । समायोजन नभए पनि नेपाल प्रहरीलाई मधेश सरकारले विभिन्न तवरबाट सहयोग गरिरहेको जानकारी उनले गराए । उनले अहिलेको तलबभत्तामा प्रहरीको जीवनयापन कठिन रहेको बताए ।



मुख्यमन्त्री सिंहले नेपाल भारत खुला सीमाबाट हुने भन्सार छली, तस्करी, बढ्दो अपराध, लागूऔषध ओसारपसार नेपाल प्रहरीका लागि ठूलो चुनौती रहेको बताए । मधेश प्रदेश प्रहरी प्रमुख डिआइजी लालमणि आचार्यले समाजमा सुरक्षाको प्रत्याभूति र अपराध नियन्त्रण गर्न अहोरात्र खटिरहेको बताए । उनले नागरिकको सुरक्षा नै पहिलो प्राथमिकतामा राखेर काम गरिएको पनि बताए । जस्तोसुकै विषम परिस्थितिमा पनि नागरिकको सुरक्षामा कुनै कमी नगरेको डिआइजी आचार्यले बताए । प्रहरी संगठनले अंगीकार गरेका नीति, कार्ययोजना तथा प्राथमिकतालाई दृढताका साथ कार्यान्वयन गरेर नतिजामूलक प्रहरी सेवा प्रवाह गर्न गराउन उनले निर्देशन दिए ।

# तीन थान मोटरसाइकलसहित ३ जना पक्राउ



**मधेशदृष्टि**
**रौतहट र**

रौतहट प्रहरीले चोरीको ३ थान मोटरसाइकलसहित ३ जना पक्राउ गर्नुका साथै लाखौँ रुपैयाँ बराबरको अवैध भारतीय सामान बरामद गरेको छ । इलाका प्रहरी कार्यालय गरुडाको टोलीले ३ थान चोरीको मोटरसाइकल सहित ३ जनालाई पक्राउ गरेको छ भने जिल्ला प्रहरी कार्यालय गौरको टोलीले लाखौँ रुपैयाँ बराबरको अवैध भारतीय सामान बरामद गरेको हो ।

गत २१ गते बिहान ७ बजे गढीमाई नगरपालिका ६ बखरी टोलका उनितेश साहको घरैबाट चोरी भएको प्रदेश ०३–०१९ प २६३१ नम्बरको स्प्लेन्डर प्लस मोटरसाइकल सहित सोही ठाउँका १९ वर्षीय धीरज साह पक्राउ परेका छन् । त्यस्तै गत २२ गते माधोपुर बजारबाट चोरी भएको माधव नारायण नगरपालिका ६ का श्यामबाबु यादवको विआर एक्स ६५५८ नम्बरको अपाचे मोटरसाइकल सहित सर्लाही ईश्वरपुर नगरपालिका १३ का १९ वर्षको श्याम महतो पक्राउ गरेको छ ।
त्यसैगरी गत २६ गते शुकादेव चौकबाट चोरी भएको यमुनामाई गाउँपालिका २ का अम्बिका यादवको विआर ३० ए एम १६४८ नम्बरको १२५ सिसिको पल्सर मोटरसाइकल सहित कटहरिया नगरपालिका ९ दुमरियाका २१ वर्षको मन्दिप भन्ने मन्दित यादव पक्राउ गरिएको प्रहरीले जनाएको छ ।
इलाका प्रहरी कार्यालय गरुडाको टोलीले विभिन्न मितिमा छुट्टाछुट्टै स्थानबाट चोरीको उक्त तीनवटै मोटरसाइकल सहित तीनैजना चोरलाई पक्राउ गरिएको डीएसपी राजन कार्कीले बताए । तीनैजना माथि चोरी सम्बन्धी मुद्दा दायर गरी जिल्ला अदालत गौरबाट म्याद थमाएर थप अनुसन्धान भइरहेको डीएसपी कार्कीले जानकारी दिए ।

# ७६ जिल्लामा १९ हजार डेङ्गु सङ्क्रमित

**काठमाडौं ।**
देशभर डेङ्गु सङ्क्रमण तीव्ररुपमा फैलिरहेको छ । इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा (इडिसिडी) को पछिल्लो तथ्याङ्क अनुसार डेङ्गु सङ्क्रमितको संख्या १९ हजार पाँच ९९ पुगेको छ । डेङ्गु सङ्क्रमणबाट हालसम्म नौ जनाले ज्यान गुमाइसकेका छन् ।
डेङ्गु सङ्क्रमण मुलुकका ७६ जिल्लासम्म फैलिएको महाशाखाले जनाएको छ । डेङ्गु सङ्क्रमण सबैभन्दा बढी काठमाडौमा फैलिएको छ । काठमाडौँमा डेङ्गु सङ्क्रमणबाट हालसम्म तीन हजार एक सय तीन जना प्रभावित बनेका छन् । यस्तै, कास्कीमा दुई हजार आठ सय ४७ जनामा डेङ्गु सङ्क्रमण देखिएको छ । यस्तै तनहुँमा दुई हजार एक सय सात, पर्वतमा एक हजार पाँच सय ६२, चितवनमा नौ सय ७१, ललितपुरमा आठ सय २७, गोरखामा ५ सय ८८, बाग्लुङमा छ सय १०, भक्तपुरमा तीन सय ५५ तथा स्याङ्जामा तीन सय ३५ जनामा डेङ्गु सङ्क्रमण पुष्टि भइसकेको महाशाखाले जनाएको छ ।
शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पताल टेकुका रिसर्च युनिटका संयोजक तथा सङ्क्रामक रोग विशेषज्ञ डा शेरबहादुर पुन भन्छन्, 'पोस्ट मनसुन शुरु हुँदा डेङ्गुको जोखिम बढ्ने सम्भावना हुन्छ । दशैँलगत्तै अस्पताल आउने डेङ्गुका बिरामी बढिरहेका छन् । समुदायमा डेङ्गु सङ्क्रमण फैलिएको देखिन्छ ।'
विसं २०८० को पुस मसान्तसम्म देशभर झण्डै ५२ हजारभन्दा बढीमा डेङ्गु सङ्क्रमण पुष्टि भएकामा २० जनाको मृत्यु भएको थियो । डेङ्गु एडिस एजिप्टाई जातको पोथी लामखुट्टेको टोकाइबाट सर्ने एक प्रकारको कीटजन्य रोग हो । लामखुट्टेको टोकाइबाट बच्न पूरा शरीर ढाक्ने कपडा लगाउने, खाल्डाखुल्डी पुर्ने, खानेपानी वा ढल चुहिएको छ भने तत्काल मर्मत गर्ने, खाली भाँडाकुँडा घोप्ट्याएर राख्ने, पानीको ट्याङ्की पूरै खाली गरेर सफा गरिरहने, सुत्ने बेला झुलको प्रयोग गर्नुपर्छ ।डेङ्गु सङ्क्रमणबाट बच्न मुख्यतः लामखुट्टेको टोकाइबाट जोगिनुपर्छ । डा पुन भन्छन्, 'झुलको प्रयोग गर्नु राम्रो हुन्छ । जटिल लक्षण देखिए स्वास्थ्य संस्थामा सम्पर्क गर्नुपर्छ ।' रासस

# चोरीका मोटरसाइकलसहित ३ जना सार्वजनिक





**मधेशदृष्टि**
**वीरगंज ।**
पर्सा प्रहरीले ५ वटा मोटरसाइकल सहित ३ जनालाई नियन्त्रणमा लिई सार्वजनिक गरेको छ । जिल्ला प्रहरी कार्यालय पर्सा, ईलाका प्रहरी कार्यालय पटेर्वा सुगौलीले विभिन्न मिति र समयमा पक्राउ परेका तीनजनालाई बुधबार चोरीको मोटरसाईकलसहित
सार्वजनिक गरेको हो । पक्राउ पर्नेहरुमा पर्सागढी नगरपालिका वडा नम्बर ९ कोइलाभारका २१ वर्षीय सिदार्थ कुमार चौधरी, वडा नं. ८ का २४ वर्षीय विशाल दास थारु र वडा नं. २ का ३० वर्षीय पृतम कुमार महतो रहेका छन् । पक्राउ परेका मध्य सिदार्थ कुमार चौधरीलाई चोरीको मोटरसाईकल चलाईरहेको अवस्थामा फेला पारी सोधपुछ गर्दा उनको बयानका आधारमा थप दुईजनालाई पनि पक्राउ गरिएको प्रहरी नायव उपरीक्षक दीपक भारतीले बताए । मोटरसाईकल चोरी भएको निवेदनहरु आएपछि जिल्ला प्रहरी कार्यालय पर्सा र इलाका प्रहरी कार्यालय पटेर्वासुगौलीबाट खटिएको संयुक्त प्रहरी टोलीले शुरु गरेको खोजतलासका क्रममा मोटरसाईकल सहित उनीहरुलाई पक्राउ गरेको हो । उनीहरुको साथबाट अन्य ४ वटा मोटरसाईकल पनि बरामद गरेको छ । उनीहरूविरुद्ध चोरी तथा डाँका सम्बन्धी कसूरमा थप अनुसन्धान भैरहेको पर्सा प्रहरीका सूचना अधिकारी प्रहरी नायव उपरीक्षक भारतीले बताए ।

# जंगली शैलीमा आक्रमण...

सञ्चालकलाई समेत उनीहरूले मरणासन्न हुने गरी कुटपिट गरेका थिए । आक्रमणकारीको अन्यायपूर्ण व्यवहार हेरेर कटहरियाका युवा समूहले होहल्ला गरेपछि उनीहरु त्यहाँबाट भागेका थिए ।
सांघातिक आक्रमणबाट गिरीको टाउकोलगायत शरीरका प्रायः भागमा गहिरो चोटपटक लागेको छ । गिरी वीरगंजस्थित निजी अस्पतालमा उपचारपछि मंगलबार साँझ घर फर्किएको इलाका प्रहरी कार्यालय कटहरियाका सई शिवशंकर शर्माले बताए । त्यसैगरी, चिया पसल सञ्चालिका ६० वर्षीया प्रेमज्योति साहको शरीरका धेरै ठाउँमा गहिरो चोटपटक लागेको र उपचारपछि उनी पनि घर फर्किसकेका सई शर्माले जानकारी दिए ।
घटनापछि स्थानीयको सहयोगमा प्रहरीले ४ जना लाई पक्राउ गरेको छ । पिप्रापोखरिया गाउँका ७२ वर्षीय तेजिलाल यादव, ३६ वर्षीय सिकिन्दर यादव र २८ वर्षीय परशुराम बिक्रम साहलाई घटनास्थलको केही दूरीबाटै पक्राउ गरिएको थियो । त्यस्तै, तेजिलालका छोरा ३५ वर्षीय जितेन्द्र यादवलाई घटनास्थलबाट २ किलोमीटर टाढा कटहरिया गाउँछेउबाट पक्राउ गरिएको छ । पक्राउ परेका चारैजना इलाका प्रहरी कार्यालय गरुडाको नियन्त्रणमा रहेको डिएसपी राजन कार्कीले बताए । चारजनामध्ये दुईजनालाई केही चोटपटक लागेको तथा उनीहरूको उपचार भइरहेको डिएसपी कार्कीले जानकारी दिए ।
कटहरिया बजारमा दुर्गा पूजाका अवसरमा आयोजित मेलामा शनिबार राति नाच भइरहेको थियो । सोही क्रममा वडाअध्यक्ष साहका काका प्रताप साहका छोरा पर्शु बिक्रम साह र जितेन्द्र यादव अत्यधिक मदिरा सेवन गरी पटकपटक नाचको स्टेजमा चढ्न खोज्दा त्यहाँ रहेका मेला समितिका युवाहरुसँगै पीडित गिरीले उनीहरुलाई सामान्य हातपात गरी भगाएको प्रत्यक्षदर्शी बिनोद साहले बताए । यही विषयमा वडाअध्यक्ष साह तथा उनका आफन्तले कानूनी उपचार खोज्नुको साटो जंगली शैलीमा राति आएर गिरीमाथि आक्रमण गर्न खोज्दा प्रहरीले उनीहरुलाई धपाएका थिए । तर पुनः भोलिपल्ट आएर गिरीमाथि आक्रमण गरेका थिए । आक्रमणमा संलग्न ५ जनामाथि ज्यान मार्ने उद्योगको मुद्दा दर्ता भएर थप अनुसन्धान भइरहेको छ ।

# 'कोजगरा के पहिचानः दूध, मखान आ पान'



**महोत्तरी ।**
कोजगरा (कोजाग्रत) पूर्णिमा भन्नासाथ प्रत्येक मैथिल (मिथिला)का बासिन्दा दूध, मखान र पान सम्झन्छन् । असोज पूर्णिमाको रातमा मनाइने यो पर्वको विशिष्ट परिकार दूध–मखान र पान हुने गरेको छ । मिथिलाको बोलिचालीमा 'कोजगरा' भनिने कोजाग्रत पूर्णिमा पर्व शुधबार मनाइँदैछ ।
मिथिला परम्परामा प्रत्येक पर्वका विशिष्ट परिकार हुन्छन् । दशहराको दहीचिउरा, दीपावलीको घुरियालो (सेल) छठको ठकुवा (गहुँको पिठोमा सख्खर मुछेर बनाइने मिष्ठान्न परिकार), तिलासक्रायत (माघे सङ्क्रान्ति)मा तील, मुरी र चिउराका (लड्डू), होलीको मालपुवा, जुडशीतलमा बरीकरी, चौरचनमा पुरी, खिर र घडी पर्वमा दालपुरीको विशेष महत्त्व हुने गर्छ । यसैगरी कोजगरा पर्वको विशिष्टता दूध–मखान र पान हो ।
बर्दिबास–७ प्रेमनगरस्थित राष्ट्रिय माध्यमिक विद्यालयका शिक्षक रामसेवक महतो भन्छन्, 'हाम्रा परम्पराभित्रका विभिन्न पर्वसँग जोडिएका विशिष्ट परिकार झैँ कोजगरामा दूध–मखान र पान जोडिएको छ ।' सोही गाउँका ७० वर्षीय गङ्गा यादवले कोजाग्रतको पहिचानबारे स्पष्ट पार्दै आफ्नै बोलिचालीको मैथिली भाषामा भने, 'को◌ेजगराके पहिचानः दूध, मखान आ पान ।'
सम्पन्नताकी देवी महालक्ष्मीको पूजाआराधना गरिने यस पर्वमा देवीलाई चढाइने मुख्य सामग्री पनि दूध, मखान र पान नै हुन् । देवीलाई चढाउन चोखोनितो सामग्री पर सारेर मैथिल परिवारमा दिउँसैदेखि दूध–मखान र पान खाने चलन छ । जाडो शुरु हुनै लागेका बेला पौष्टिक आहारमा सबैलाई सचेत गराउन दूध–मखान खाने परम्परा यस पर्वमा बसाइएको हुनसक्ने पेशाले स्वास्थ्यकर्मी बर्दिबास–१२ का गिरेन्द्रकुमार झा बताउँछन् । मखान पुष्टिवद्र्धक फल भएको हुँदा जाडो मौसमभर यसको सेवनले स्वस्थ रहन मद्दत पुग्ने झाको भनाइ छ ।
मिथिलामा मखान र पान दुवै सौन्दर्यको प्रतीक मानिने परम्पराले कोजगराका विशिष्ट परिकार बनेको पाका मैथिलको धारणा छ । पर्वमा देवी महालक्ष्मीलाई प्रशन्न तुल्याउन बुधबार साँझ घरघरै दीप प्रज्वलित गरिएका छन् । यहाँका बर्दिबास, औरही, सम्सी, सीतापुर, मटिहानी, जलेश्वर, रामगोपालपुर, बलवा, पिपरा र लोहार पट्टीसहितका बजारमा मखान बेच्ने, किन्नेको भीड छ ।
पान र मखान दुवै सम्पन्नता र सौन्दर्यको प्रतीक मानिने प्रचलनले यसको महत्त्व कोजाग्रतमा बढेको मटिहानीस्थित याज्ञवलक्य लक्ष्मीनारायण विद्यापीठका मैथिली भाषा साहित्यका उपप्राध्यापक मनोज झा बताउँछन् ।
कोजाग्रत पर्वमा कहिल्यै पान नखाएकाले पनि विधिकै लागि खाने गरेका छन् । कोजगराको रात जाग्राम बस्ने र भेटघाटका लागि आउने अतिथिलाई दूध–मखान र पान खान दिइन्छ । जाग्राम बस्नेले महालक्ष्मी दीप प्रज्वलित गरी आपूm लाई जागै रहेर पर्खी बसेकाहरुको घरमा प्रवेश गर्ने र धनधान्यले पूर्ण गरिदिने धार्मिक विश्वास रहेको पूर्वप्रशासक जलेश्वर–४ सुगाका ८५ वर्षीय कृष्णचन्द्र झा बताउँछन् । रासस


Government of Nepal

Ministry of Water Resources and Irigation

**Department of Water Resources and Irrigation**

## Khando River Management Project

**Saptari , Rajbiraj**

**Date of Publication: 2081/07/01 (October 17th 2024)**

**Khando River Management Project, Saptari, Rajbiraj invites electronic bids only from eligible bidders for following works:**

| S.N | Contract Identification No. | Description of Works | Estimated Amount without VAT and Contingency (NRs) | Bid Security (120 Days Validity ) |
|---|---|---|---|---|
| 1. | KRMP/Siraha/NCB-01/081-82 | Construction of Embankment with Revetment and Launching at Balan River | 85,54,317.67 | 2,50,000.00 |
| 2. | KRMP/Siraha/NCB-02/081-82 | Construction of Spur at Balan River | 8,552,251.60 | 2,50,000.00 |
| 3. | KRMP/Siraha/NCB-03/081-82 | Construction of Spur at Balan River | 85,52,114.86 | 2,50,000.00 |
| 4. | KRMP/Siraha/NCB-04/081-82 | Construction of Revetment Work at Gaagan River | 85,54,733.64 | 2,50,000.00 |
| 5. | KRMP/Siraha/NCB-05/081-82 | Construction of Spur and Revetment Work at Mainawati River | 8,550,190.02 | 2,50,000.00 |

**Information regarding deposit Cost of Bid Document and Bid Security:**

| Account Holder's Name: | Bank Name | Account Number | Date and Time |
|---|---|---|---|
| Khando River Management Project | Rastriya Banijya Bank | 1000100200010000 ( for cost of Bid Document) | **Pre-bid meeting:** 2081/07/23 ( November 8,2024) |
| District Treasury Controller Office , Saptari | Rastriya Banijya Bank , Rajbiraj Branch , Saptari, Madhesh Province | 2180100102030000 ( For Bid Security ) | **Deadline of Bid Submission:** 2081/07/30 (November 15,2024) **Bid Opening:** 2081/07/30 (November 15,2024) |

Eligible Bidders can obtain further information from www.bolpatra.gov.np/egp. and Khando River Management Project , Saptari, Rajbiraj ( Contact: 9852034214, 9849635546 )

**Office Chief**



मलङ्गवामा कुहिरो : चिसो बढेसँगै बुधबार बिहान सर्लाही सदरमुकाम मलङ्गवामा लागेको कुहिरो ।
तस्बिरः विश्वनाथ ठाकुर / रासस

# रासससले मैथिली र नेपाल भाषामा समाचार शुभारम्भ गरेकामा स्वागत

**मधेशदृष्टि**
**धनुषा ।**
राष्ट्रिय समाचार समिति (रासस)ले मङ्गलबारदेखि मैथिली र नेपाल भाषाको समाचार सेवाको परीक्षण शुभारम्भ गरेकामा जिल्लास्थित विभिन्न सङ्घसंस्थाले स्वागत गरेका छन् । मुलुकमै नेपाली भाषापछि बढी बोलिने मैथिली भाषामा राससले समाचार सेवा सुरु गरेपछि मधेश प्रदेशमा खुसियाली व्यक्त गरिएको छ । विसं २०८० माघमा अवधी भाषामा समाचार सेवा थालनी गरेको राससले सोमबारदेखि परीक्षणका रुपमा मैथिली र नेपाल भाषामा समेत समाचार सम्प्रेषण गर्न थालेको छ । यसै सन्दर्भमा मधेश प्रदेशको राजधानी जनकपुरधामस्थित मिथिला नाट्यकला परिषद् (मिनाप)ले राससको यस ऐतिहासिक कार्यको स्वागत गरेको छ । परिषद्का महासचिव शैलेन्द्र मल्लिकले रासको यस कार्यको स्वागत गर्दै मैथिली भाषा र संस्कृतिको विकासमा राससले थप सेवा शुभारम्भ गरेपछि सहयोग पुग्ने विश्वास व्यक्त गरे ।

त्यसैगरी, मैथिली विकास कोषका अध्यक्ष जीवनाथ चौधरीले आफ्नो सेवा आरम्भ गरेको ६३ वर्षको अवधिमा नयाँ इतिहास रच्न रासस सफल भएको धारणा व्यक्त गरे । उनले यस ऐतिहासिक निर्णयले समावेशी लोकतन्त्रको पहरेदार बन्न रासस कोसेढुङ्गा साबित हुने बताए । राजविराजस्थित मैथिली साहित्य परिषद्का अध्यक्ष अवधेशकुमार झाले रासको यो सार्थक प्रयास मैथिली भाषा संरक्षण अभियानका लागि महत्वपूर्ण हुने विश्वास व्यक्त गरे ।
मैथिली भाषाका प्राध्यापक तथा वरिष्ठ पत्रकार श्यामसुन्दर शशीले रासको यस ऐतिहासिक कदमलाई स्वागत गर्दै राससबाट उत्पादित समाचार प्रयोग गरी राससलाई सफल बनाउन सबैसँग आग्रह गरे । उनले भने, 'रासको यस प्रयासलाई सफल बनाउन सम्बद्ध सबै सञ्चार माध्यमले मैथिली भाषाको समाचार प्रकाशन र प्रसारण गर्न आवश्यक छ ।'
मधेश प्रज्ञा प्रतिष्ठानका अध्यक्ष रामभरोस कापडीले मैथिली भाषामा समाचार सम्प्रेषण गरेर रासस नेपालका सबै जातजाति तथा भाषाभाषीको प्रतिनिधित्व हुने साझा समाचार संस्थाका रुपमा आफूलाई अब्बल साबित गर्न सफल भएको बताए । यसैगरी, नेवाः दय् दबू, केन्द्रीय समितिले विज्ञप्ति जारी गर्दै राससले नेपाल र मैथिली भाषामा समाचार सम्प्रेषण गरेर आफूलाई अब्बल सावित गरेको जनाएको छ । समितिका अध्यक्ष पवित्र बज्राचार्यद्वारा जारी विज्ञप्तिमा भनिएको छ, 'समावेशी समाज निर्माण गर्ने अठोटका साथ मुलुकमा स्थापना भएको सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई स्थायित्व प्रदान गर्ने क्रममा राससले सुरु गरेको यो कार्यले ठोस योगदान दिने विश्वास छ । नेपाल एक बहुभाषिक मुलुक भएकाले बहुभाषिकता हाम्रो विशेषता र राष्ट्रियताको आधार पनि हो । यही बहुभाषिकताबीच राष्ट्रिय एकता कायम गर्नु हाम्रो दायित्व हो । रासको यो कदमले उक्त दायित्व निर्वाह गर्नेमा विश्वस्त छौँ ।'

# मिथिलाञ्चलमा 'कोजाग्रत पर्व'



**मधेशदृष्टि**
**महोत्तरी ।**
मिथिलाञ्चलमा 'कोजाग्रत पर्व' मनाईदै भएको छ । असोज शुक्ल पूर्णिमाको रात मनाइने यो पर्वमा सम्पन्नताकी देवी महालक्ष्मीको पूजाआराधना गरिन्छ । पूर्णिमा तिथि बुधबार साँझबाट सुरु भएसँगै कोजाग्रतका विधि प्रारम्भ गरिएको छ । असोज शुक्लपक्षको साँझ सम्पन्नताकी देवी महालक्ष्मी पृथ्वीको विचरणमा आउने र 'को जागैछन् ?' भनेर हेर्ने हुँदा यस दिनलाई 'कोजगरा' (कोजाग्रत) भनिएको पाका मैथिल बताउँछन् । मिथिलामा यो रात जाग्राम बस्ने चलन छ । कोजाग्रत पूर्णिमाका दिन जनकपुरको जानकी मन्दिरमा विशेष पूजा गरिन्छ । पान, मखानसहित महालक्ष्मीको पूजाआराधना गरिन्छ । भोलिपल्ट सूर्योदय भएपछि कोजाग्रत पूजा समापन गरिन्छ । कोजाग्रतमा महालक्ष्मीको आराधना गर्नाले कहिल्यै दरिद्र नहुने जनविश्वास छ । कोजाग्रतका दिन मिथिलामा दूध मखान र पान पनि खाने चलन छ । पान, मखान दुवै सौन्दर्य र सुखको प्रतीक मानिन्छन् । यसै परम्पराले कोजाग्रतमा पान र मखानको विशेष महत्व छ ।

# यादव उत्कृष्ट प्रहरीका रुपमा पुरस्कृत

**मधेशदृष्टि**
**वीरगंज ।**
नेपाल प्रहरीमा कार्यरत प्रहरी नायब निरीक्षक सुभाष यादव उत्कृष्ट प्रहरीका रुपमा पुरस्कृत भएका छन् । ६९ैंओ प्रहरी दिवसको अवसरमा यादव उत्कृष्ट महिला बालबालिका सम्बन्धि अपराध अनुसन्धानकर्ता पुरस्कारबाट पुरस्कृत भएका हुन् । काठमाडौंस्थित प्रहरी प्रधान कार्यालयमा मंगलबार आयोजित कार्यक्रममा प्रहरी महानिरीक्षक (आइजिपी) वसन्त कुवँरले यादवलाई पुरस्कृत गरेका हुन् । यादव हाल जिल्ला प्रहरी कार्यालय सर्लाहीमा कार्यरत छन् ।
बाराको महागढीमाई नगरपालिका वडा नम्बर २ बरियापुर निवासी यादव २०७२ साल साउन १ गतेदेखि नेपाल प्रहरीको सेवामा प्रवेश गरेका थिए । प्रहरी सहायक निरीक्षक पदबाट नेपाल प्रहरीको सेवामा प्रवेश गरेका यादवको २०८० सालमा प्रहरी नायब निरीक्षक बढुवा भएको थियो ।

मोबाइलबाटै मधेशदृष्टि पढ्नका लागि स्क्यान गर्नुहोस्

# बाढीले केराखेती नष्ट भएपछि किसानको व्यवसाय चौपट

**मधेशदृष्टि**
**राजविराज ।**
गत असोज ११ र १२ गते आएको बाढीका कारण सप्तरीको विभिन्न गाउँमा किसानको केराखेती नष्ट हुँदा उनीहरुको व्यवसाय चौपट भएको छ । भारदहमा मात्रै बाढीले पाँच सय बिघामा लगाएको केराखेती नष्ट गरेको थियो । बाढीले फलेको केरा खेतमै डुब्नुका साथै ढलेर नष्ट भएको थियो । यसबाट व्यावसायिक रुपमा केराखेती गर्दै आएका किसान मर्कामा परेका छन् । बिक्री गर्ने समयमा आएको बाढीका कारण केराखेती गर्ने किसानलाई लाखौँ रुपैयाँको घाटा भएको छ । हनुमाननगर कङ्कालिनी नगरपालिका–१ भलुवाका विलक्षण खंग १० कट्ठामा लगाएको केराखेती कोसी नदीको बाढीले नष्ट गरेपछि लाखौँ रुपैयाँको घाटा बेहोर्नुपरेको बताउँछन् । उनले भने, 'मैले १० कट्ठा जमिनमा करिब दुई सयजति केराका बोट लगाएको थिए, बाढीका कारण त्यो अहिले खेतमै सुकिरहेको छ ।' खंगले केराखेतीबाट गरेको आम्दानीकै भरमा नौ जनाको परिवार पाल्दै आएका थिए । केरा बेच्न तयार भएको समयमा आएको बाढीले सखाप पारेपछि अब अन्य विकल्प सोच्नुपर्ने अवस्था आएको उनको भनाइ छ ।
खंगले दशैँ, तिहार तथा छठ पर्वमा गत वर्ष झैं यस वर्ष पनि ठेलामा लिएर सप्तरीको कञ्चनपुर, रुपनगर हनुमाननगर र भारदह बजारमा बेचेर मनग्य आम्दानी गर्ने योजना बनाएका थिए । 'बाढीले योजना भताभुङ्ग बनाइदियो', उनले भने, फलेको केराको बोट खेतमै ढलेपछि पानीमै कुहिएको उनले बताए । सोही ठाउँका किसान शोभानन्द यादवले पनि सात बिघामा केराखेती लगाएका थिए । उनको पनि सबै केराका बोट बाढीका कारण नष्ट भएका छन् । उनी भन्छन्, 'सरकारले राहत तथा क्षतिपूर्तिको व्यवस्था नगरे त यहाँका किसान पलायन हुनुपर्ने अवस्था छ ।'



बैंकबाट ऋण काढेर केराखेतीमा हात हालेकाले ब्याज र लगानी उठाउन समस्या भएको उनको भनाइ छ । हनुमाननगर कङ्कालिनी–१ कोसी पलारमा लगाएको केराखेती बाढीले सखाप भएको छ । यहाँ एक सय पाँच किसानले जग्गा भाडामा लिएर केराखेती गर्दैआएका थिए । हनुमाननगर कङ्कालिनी–२ सकरदहीका दिनेशकुमार राउतले मात्रै कोसी नदीको किनारमा १० बिघामा केराखेती गरेका थिए । सबै नष्ट भएपछि उनी अहिले चिन्तामा छन् ।

'दशैँ, तिहार र छठमा केरा बिक्री गरेर पर्याप्त आम्दानी गर्ने सोचमा थिए, दशैँ सुरु हुनु अगाडि नै दसा लाग्यो', राउतले भने, 'केराखेतीकै आम्दानीले छोराछोरी पढाउने तथा घरखर्च चलाउने योजना थियो, बाढीले सब चौपट बनायो ।' केराखेतीमा पसेको बाढी सुकेपनि केराका घरी यत्रतत्र छरिएर खेतमै रहेका छन् ।

भारदह–१ की आशाकुमारी मण्डलले १५ कट्ठामा केराखेती गरेका थिए । बाढीले त्यो सब नष्ट पारिदिएको छ । उनका सात दिदीबहिनी मिलेर केराखेती गरेका थिए । केराखेती नष्ट भएपछि लगानी डुबेको उनले बताए । केराखेतीकै आम्दानीले गुजारा गर्दै आएकाले बाढीले केरा नष्ट गरेपछि परिवार पाल्न समस्या भएको मण्डल बताउँछन् ।

'खेत ३० हजार रुपैयाँका दरले भाडामा लिएर केरा लगायौँ । केरा नष्ट भएपछि भाडा तिर्ने अवस्थासमेत रहेन', उनले भने । घरछेउमै दशैँमा कङ्कालिनी भगवती मन्दिरमा लाग्ने मेलामा केरा बेचेर आम्दानी गर्ने मण्डलको इच्छा बाढीका कारण पूरा हुन पाएन । बाढीका कारण भारदह–१ भलुवाका रामदेव मण्डलले ५० कट्ठा जग्गामा लगाएको केराखेती नष्ट भएको छ । केराखेती सबै कोसीको बाढीले बगाइदिएपछि उनी साहुँको ऋण कसरी तिर्ने भन्ने चिन्तामा छन् । भगवतीप्रसाद मण्डलको अवस्था पनि रामदेवको जस्तै भएको छ । 'दश कट्ठामा लगाएको केराखेती सब सखाप भयो, यो वर्ष दशैँ जस्तै तिहार र छठ पर्व पनि राम्रोसँग मनाउन नसकिने भयो, घरखर्च टार्ने मुश्किल भयो', उनले पीडा सुनाए ।

केरा बिक्री गरेर मनग्य आम्दानी गर्दैआएका इनर्देव लोगी वैकल्पिक उपायको खोजीमा छन् । लगाएको केराखेती नष्ट हुँदा घर खर्च चलाउन समस्या भएको भलुवाका रामचन्द्र ठाकुर बताउँछन् । एक बिघा क्षेत्रफलमा केराखेती गर्न एकपटकमा दुई लाख रुपैयाँभन्दा बढी खर्च हुने गरेको उनको भनाइ छ ।

बाढीले लाखौँको क्षति भएपछि यहाँका किसानको केराखेतीतर्फ आकर्षण घट्ने भएको छ ।
किसानले हालसम्म कुनै निकायबाट पनि राहत नपाएको गुनासो गरेका छन् । यसअघि गत वैशाखमा हावाहुरी आउँदा पनि केरा ढलेर किसानले ठूलो क्षति बेहोर्नुपरेको थियो । रासस

# वाष्प इन्जिन संरक्षण गर्न सङ्ग्रहालय बनाइने

**मधेशदृष्टि**
**धनुषा ।**
नयाँ रेल आएपछि नेपाल रेल्वे कम्पनीसँग रहेको दुई सय वर्ष पुरानो स्टिम इन्जिन र पार्टपुर्जा के होला भन्ने चासो बढेको छ । जर्मनीमा निर्माण गरिएको उक्त जनकपुर रेल्वेको दुई सय वर्ष पुरानो स्टिम इन्जिन र पार्टपुर्जासहितको सङ्ग्रहालय बनाउन पहल गरिने भएको छ ।
नेपालको एक मात्र नेपाल रेल्वे कम्पनीसँग विश्वमा लोप भएका कतिपय महत्वपूर्ण एवं दुर्लभ वाष्प इन्जिनहरू संरक्षणको पर्खाइमा रहेका छन् । धनुषाको जनकनन्दिनी गाउँपालिका–२ खजुरीस्थित नेपाल रेल्वे कम्पनी लिमिटेडको पुरानो कारखाना (मर्मत केन्द्र) मा खिया लागेर समाप्त हुने क्रममा रहेका इन्जिनहरूको संरक्षण गर्नुपर्ने आवाज उठ्ने गरे पनि तिनको संरक्षण भने हुन सकेको छैन । यसैबीच मधेश प्रदेशका मुख्यमन्त्री सतिशकुमार सिंहले ऐतिहासिक एवं दुर्लभ रहेका वाष्प इन्जिनहरू भएको धनुषाको खजुरीस्थित रेल्वे कारखानाको हालै निरीक्षण गरे ।
दुर्लभ इन्जिनहरुलाई सङ्ग्रहालयमा राख्ने विषयमा



सङ्घीइ सरकारसँग छलफल गर्ने बताए । रेल्वेको इतिहास तथा वर्तमानका विषयमा अध्ययन गर्न चाहनेका लागि नेपाल रेल्वेसँग रहेको दुर्लभ इन्जिन महत्वपूर्ण हुनुका साथै यस क्षेत्रको पर्यटन प्रबद्र्धनमा महत्वपूर्ण योगदान पुग्ने उनले विश्वास व्यक्त गरे ।

'दुर्लभ कोइला इन्जिनहरू बेलायती सरकारको पालादेखिका हुन् । ती इन्जिनहरूलाई प्रदर्शनीमा राख्न सके पर्यटकलाई आकर्षित गर्न सकिन्छ', मुख्यमन्त्री सिंहले भने ।

पूर्व प्राध्यापक एवं अर्थशास्त्री डा सुरेन्द्र लाभका अनुसार मिथिलामा आउने पर्यटकहरू र यहाँका भावी सन्ततीहरूका लागि पुराना कोइला तथा डिजेल इन्जिनहरूको संरक्षण आवश्यक छ । जनकपुर रेल्वेको आफ्नै इतिहास रहेकाले नयाँ पुस्तालाई जानकारी गराउन यसको संरक्षण आवश्यक रहेको उनको भनाइ छ । 'विगतमा कुन रूपमा नेपालको रेलको विकास भएको हो । त्यसको अध्ययनमा समेत सघाउ पुग्छ', उनले भने । तत्कालीन समयमा भारतमा आफ्नो प्रत्यक्ष शासन गरेको बेलायतले निर्माण गरेको रेल्वे २०६९ सालदेखि पूर्ण रुपमा बन्द रहेको थियो । जयनगर जनकपुरदेखि विजलपुरासम्म चलेको नेरोगेज रेलको इन्जिनलगायतको अन्य भौतिक संरचनालाई सङ्ग्रहालय बनाउन आवश्यक भएको डा लाभले बताए । नेपाल रेल्वेको कारखानामा थन्काइएका ब्रम्हा, विष्णु, राम, सीता, गोरखनाथ, पशुपतिनाथ, महावीरलगायतका नाम दिइएका ईन्जिनहरु संरक्षणको पर्खाईमा छन् ।
नेपाल रेल्वे कम्पनीका महाप्रबन्धक निरन्जन झाले सङ्घीय सरकारसँग नेपाल रेल्वे कम्पनीले ४५ करोड रुपैयाँ माग गरेकामा २१ करोड रुपैयाँ मात्र दिन तयार भएको तर त्यति खर्चमा संङ्ग्रहालय बनाउन नसकिने भएकोले तत्काल रेलका पुराना इन्जिनहरुको संरक्षण गर्न आवश्यक भएको उनले बताए । रासस

## सम्पादकीय

# पशुपति गौशाला र मारवाडी समुदायको दाबी

*कुरा राणाकालको हो, रतिराम अग्रवाल मारवाडीलाई पवित्र पाशुपत क्षेत्रका दूध कटुवा बाच्छाबाच्छी, साँढे र गाई पाल्न एक रोपनी ८ आना जग्गा दिइएको थियो । पछि मारवाडी सेवा समितिले थप नौ रोपनी ९ आना जग्गा लियो र धर्मशालाका नाममा प्रयोग हुन थाल्यो । २०५४ सालमा कोषका तत्कालीन सदस्यसचिव वसन्त चौधरीका पालामा भाडा बढाएर वार्षिक ५१ हजार रुपैयाँ बनाइयो । अब तपाईं कल्पना गर्नुहोस्, २०५१ सालमा वार्षिक ५१ हजार रुपैयाँ भाडामा लिइएको जग्गाको २०८१ सालमा पनि त्यति नै पैसामा पाइन्छ ? त्यो पनि काठमाडौंको पशुपति क्षेत्रमा । तीनतले धर्मशालामा २६ सटर छन् । मारवाडी समितिले कोषको स्वीकृतिबिनै भौतिक संरचना पनि बनायो । २०६३ सालतिर जाउँ, संसद्को सार्वजनिक लेखासमितिले कोषलाई गौशाला धर्मशाला र त्यसले चर्चेको जग्गा नियन्त्रणमा लिन निर्देशन दिएको थियो । तर, यो डेढ दशकमा वार्षिक ५१ हजार रुपैयाँमा चित्त बुझाइरहेको छ । जबकि धर्मशालाका दुई दर्जनभन्दा बढी सटरबाट महिनामै लाखौँ आम्दानी लिइरहेको छ मारवाडी सेवा समिति । विक्रम संवत् १९८९ देखि धर्मशाला सञ्चालन गरिरहेको मारवाडी समुदाय अड्डाअदालत सबै धाएर मागदाबी खारेज पछि पनि भनिरहेको छ, गौशाला धर्मशाला छाड्न सक्दैनौँ । मारवाडी सेवा समितिले राणा प्रधानमन्त्री जुद्धशमशेर जबराका पालामा १९९७ सालमा रामकुमार मारवाडीलगायतका व्यक्तिलाई पशुपति धर्मशालाको जग्गा उपलब्ध गराएको दाबी गरिरहेको छ । पशुपतिनाथ दर्शन गर्न आउने तीर्थालुको बसोबासको भरपर्दो व्यवस्था नभएको अवस्था मनन् गरी गौशाला धर्मशाला स्थापना भयो । मारवाडी समाजका अगुवाले व्यवसायको केही अंश चन्दा स्वरूप प्रदान गरी गौशाला धर्मशाला निर्माण गरे । तर आज मारवाडी सेवा समितिले धर्मशालाको जग्गामा मोहियानी हकसमेत दाबी गर्‍यो । असोजको दोस्रो साता अदालतले नै मारवाडीको दाबी नपुग्ने फैसला पनि भयो ।*

*गौशाला धर्मशालाबाट पशुपतिनाथको अभिषेकका लागि स्थापनाकालदेखि अविछिन्न रूपमा दैनिक २९ लिटर दूध निःशुल्क पठाउने गरिएको छ । गौशाला धर्मशालाभित्र गौ सेवा, नेपालकै पहिलो निःशुल्क शववाहन सेवा, शव राख्ने फ्रिज सेवा प्रदान भइरहेको छ । यसको मतलब यो होइन कि, विना कुनै कागज आधारप्रमाण पशुपतिको जग्गा नै दाबी गनु उचित हो र ? प्रसंग बाँकी नै छ । मारवाडी सेवा समितिले राम्रो काम गरेको छ । २०५७ देखि निःशुल्क कृत्रिम खुट्टा उपलब्ध गराइरहेको छ । निःशुल्क होमियोप्याथिक स्वास्थ्य परीक्षण भइरहेको छ । मारवाडी सेवा समितिले २० करोड रुपैयाँको लागतमा राष्ट्रिय मिर्गौला उपचार केन्द्र, डायलाइसिस केन्द्र सञ्चालन गरिरहेको छ । पशुपतिको जग्गामा मारवाडी समुदायले सम्झौता एकथरि, काम अर्को गरिरहेको छ । राम्रो कामलाई राम्रो भनौँ तर यसको मतलब यो होइन कि, राज्यको सम्पत्ति स्याहारसुसार गर्नेले विना प्रमाण दाबी गर्न पाउँछ ?*

*पशुपति विकास कोष भन्छ, मारवाडी सेवा समिति नयाँ करार गर्न आएन । मारवाडी सेवा समिति भन्छ, २०८१–८२ सम्मको कर बुझाइसकेका छौँ । मारवाडी सेवा समिति र पशुपति विकास कोषको विवाद अख्तियार, विशेष अदालत हुँदै सर्वोच्च अदालतसम्म पुगेको छ । २०८० साउन २४ गते काठमाडौं जिल्ला अदालत गएको मारवाडी सेवा समितिका विपक्षमै २०८१ असोज १६ गते फैसला आएपछि पनि मारवाडी सेवा समितिले फेरि पनि मेरो गोरुको बाह्रै टक्का गर्नु उचित होइन । अब पशुपति क्षेत्र विकास कोष र काठमाडौं महानगरपालिकाबीच सहमति भएर गौशाला धर्मशाला सञ्चालनको तयारी भइरहँदा फेरि पनि मारवाडी समुदाय शक्तिकेन्द्रको बल लगाएर कोष र महानगरविरुद्ध उभिएको छ । मारवाडी समुदायले यो देशका लागि ठूलो योगदान गरेका छन् । दलका नेताहरुले चन्दा पाए होलान् । कार्यकर्ताहरुले जागिर खाए होलान् । गरिब जनताले पनि कृतिम खुट्टा पाए होलान् । नेपालीमा उखान छः गोठालोले गाई बेच्न पाउँदैन, उसको काम गाई हेर्नु मात्रै हो । त्यतिखेर राणाहरु शक्तिमा थिए, उनीहरुकै तजबिज चल्थ्यो । पछि पशुपति विकास कोष सरकारले खडा गर्‍यो । अब छोरा नजन्मिँदै बाबुले मलाई जग्गा दिएका हुन् भनेर दाबी गर्दैमा छोराले पाउने अधिकारसिद्ध सम्पत्ति फिर्ता गर्दिनँ, मेरै हो भन्न पाउने कि नपाउने ?*

# जीवनमा भावना कति महत्वपूर्ण ?



डा. हितेशकुमार भट्टराई

हिन्दी फिल्म देवदासमा भावनाबारे कलात्मक चित्रण छ । फिल्मको शुरूआतमा देवदास विदेशबाट पढाइ सकेर फर्केकोमा आमा हर्षित र उत्साहित हुन्छिन् । पछि पारो र देवदासको प्रेमको आवेग र घमन्डका कारण उनीहरूबीच बिछोडको दृश्य देखिन्छ । बिछोडले निम्त्याएको आत्मविनास देख्न मिल्छ फिल्ममा । शुरूआतदेखि अन्त्यसम्म विभिन्न भावनाका आँधीबेहरी भेटिन्छ । देवदासजस्ता चलचित्रका निर्माता, अन्य रंगकर्मी र भावुक उपन्यासकारका लागि भावना 'जीवनचित्र'को रंग हो । भावनाले मानिसका गतिविधिलाई रंगीन र जीवन्त बनाउँछ।

स्नायुविज्ञले मानवलगायत विभिन्न जनावरका भावनालाई एकै तरिकाले हेर्छन् । लाखौँ वर्षको इतिहास बोकेका प्राणीमा भावनाले व्यवहार निर्दिष्ट गर्न सहयोग पुर्Þयाउँछन् । दुस्मन अथवा अन्याय गर्नेसँग रिस उठ्छ ता कि उनीहरूमाथि प्रतिकार गर्न सकियोस् । विशेष गरी मानवजस्तो सामाजिक, भाषा प्रयोग गर्ने प्राणीमा विशिष्ट भावनात्मक क्षमता हुन्छ । दिमागको 'अमिगडिला' भन्ने भाग भावनासँग सम्बन्धित छ । कुनै पनि क्रिया प्रतिक्रियासँग तुरुन्त जुध्नु पर्Þयो भने अमिगडिला सक्रिय हुन्छ । अलि समय सोचेर काम गर्दा भने कोर्टेक्स सक्रिय हुन्छ । अमिगडिला र कोर्टेक्स दुवै मिलेर मानवको गतिविधि निर्धारण गर्छन् । अमिगडिला दिमागको धेरै पुरानो भाग हो । मानवभन्दा अविकसित प्राणीमा पनि यो भाग पाइन्छ । कोर्टेक्सले भने मानव दिमागको ठूलो भाग ओगटेको हुन्छ र विकसित प्राणीहरूमा यो ठूलो पाइन्छ।

आजकल भावनाको सबैभन्दा गहन अध्ययन मनोवैज्ञानिकले गर्छन् । मनोवैज्ञानिक डेनियल गोलमेनले भावनात्मक बौद्धिकताको सिद्धान्त प्रतिपादन गरेका छन् । उनका अनुसार संसारमा सफलताको प्रक्षेपण बौद्धिकताले साधारणतया गर्न सकिन्छ । तर बौद्धिकले मात्र सफलता प्रक्षेपण गर्न सक्दैन । बौद्धिकताले गर्न नसकेको सफलताको प्रक्षेपण भावनात्मक बौद्धिकताले गर्न सक्छ । सभ्यताको हरेक तहमा भावनात्मक बौद्धिकताले महत्व राख्छ । जति प्रशासनमा माथिल्लो तहमा पुगिन्छ त्यति बढी भावनात्मक बौद्धिकताको महत्व बढ्न जान्छ।

डेनियल गोलमेनका अनुसार भावनात्मक बौद्धिकताका पाँच पाटा छन् । पहिलो, आफ्नो भावना ठम्याउन सक्नु । हामीलाई कसैले गाली गरे कि त रिस उठ्छ कि त डर लाग्छ । मलाई रिस उठ्यो अथवा मलाई डर लाग्यो भनेर भावना अनुभूति गर्दैगर्दा भावना निष्पक्ष रूपमा ठम्याउन सक्नु भावनात्मक बौद्धिकता हुनुको लक्षण हो । दोस्रो, भावनाको आफूले गर्न सक्ने नियमन हो । हामीलाई बेलाबेला रिस उठ्छ । तर भावनात्मक रिसका कारण हामी आत्मनियन्त्रण गुमाउन पुग्छौँ भने विकसित मानव समाजमा यसको काम छैन । भावनाको दास हुनबाट यो दोस्रो गुणले रोक्छ । कतिपय मनोवैज्ञानिकहरू चाहिँ भावनालाई रोक्ने अथवा नियमन गर्नुहुँदैन भन्छन् । भावनाको लहर अनुभव गर्दै त्यसले के जनाउन खोजेको छ, खोतल्नु पर्छ भन्नेहरू पनि छन् । भावनात्मक असन्तुलनले केही व्यावहारिक असन्तुलन जनाउँछ भन्ने एक मनोवैज्ञानिक सुसन डेभिड हुन् । व्यावहारिक असन्तुलनको जड समाधान नगरी भावनालाई जकड्ने काम गरे राम्रो नतिजा नआउने उनको ठम्याइ छ।

भावनात्मक बौद्धिकताको तेस्रो पाटो आन्तरिक अभिप्रेरणा हो । हामी स्कुल, कलेज र आफ्ना दैनिक काममा देख्न सक्छौँ, त्यहाँ कोही कोही उच्च अभिप्रेरणा भएका व्यक्तित्व हुन्छन् । यस्ता व्यक्तिमा बौद्धिक क्षमता कम भए पनि एउटै काम दोहोर्Þयाइ तेहेर्Þयाइ पार लगाएरै छोड्छन् । उनीहरूभित्र एक किसिमको ननिभ्ने आगो हुन्छ । मनोवैज्ञानिकहरूले केही बच्चाबच्चीलाई 'मार्समेलो' मिठाई दिएर एउटा परीक्षण गरेका थिए । बच्चाबच्चीलाई दुइटा विकल्प दिइएको थियो । एउटामा अहिले नै थोरै मिठाई खान मिल्थ्यो भने अर्कोमा धेरै मिठाई अलि पछि खान मिल्थ्यो । जुन बच्चाबच्चीले आत्मनियन्त्रण देखाएर धेरै मिठाई पछि खाने विकल्प चुन्थे, तिनीहरू भविष्यमा बढी सफल भएको भेट्टियो।

गोलमेनका अनुसार भावनात्मक बौद्धिकताको चौथो पाटोचाहिँ अरूको भावना बुझ्न सक्ने क्षमता हो । हामी सबै मानिसमा केही मात्रामा अरूको भावना बुझ्न सक्ने क्षमता बाल्यकालदेखि नै हुन्छ । भावना बुझ्न मुखको भाव, शरीरको भाषा र भाषाको लवज पढ्न सक्नुपर्छ । हामी कसैलाई जति नजिकबाट चिन्छौँ, त्यति नै सजिलै तिनको भावना बुझ्न सक्ने हुन्छौँ । मुखको भाव धेरैजसो संसारका जुनसुकै संस्कृतिका मानिसले बुझ्न सक्ने विश्वव्यापी एकै खालको हुन्छ । रंगमञ्च र चलचित्रमा अभिनय गर्ने कलाकर्मी यी भावहरू प्रस्तुत गर्न खप्पिस हुन्छन् । मुखको भाव, शरीरको भाषा अनि भाषाको लवजमा अनुसन्धान गर्न रुचि भए विश्लेषणात्मक दृष्टिले चलचित्र हेर्न सकिन्छ।

भावनात्मक बौद्धिकताको अन्तिम पाटो अरूको भावना खेलाउन अथवा अरूको भावनासँग चल्न सक्ने क्षमता हो । यो क्षमता हुन पहिले अरूको भावना बुझ्न सक्ने हुनुपर्छ । मानिसमा अरूप्रतिको समानुभूति भाव निकै प्रारम्भिक बाल्यकालदेखि हुन्छ । कोही रोएमा अथवा कसैलाई चोट पुगेमा निकै साना बच्चाहरूले पनि सहानुभूति प्रकट गर्छन् । अरूको भावनाप्रति समानुपातिक प्रतिक्रिया दिन सक्नेहरू जिन्दगीका विभिन्न पक्षमा सफल रहन सक्छन् । प्रजातन्त्रमा जबरजस्ती काम लगाउने शैली सफल हुन सक्दैन । अरूको भावना र क्षमता बुझेर त्यहीअनुसार काम लगाउने प्रशासक सफल हुन सक्छन् । त्यस्तै प्रेम र अरू सम्बन्धमा पनि अरूको भावना बुझ्न सक्ने व्यक्ति सफल रहन्छन्।

व्यक्तिगत सफलता मात्र नभएर पार्टी र नेताको राजनीतिक सफलतामा पनि भावनाको उच्च महत्व हुन्छ । राजनीतिमा सफल हुन खासमा विषयगत नीति नै सबैभन्दा महत्वपूर्ण पक्ष हो । तर धेरै हदसम्म भावना राजनीतिमा हाबी हुन्छ । नेपालदेखि अमेरिकासम्म अनि आदिकालदेखि वर्तमानसम्म भावनाको राजनीति मानव समाजमा चल्दै आएको छ । केही समय पहिले मात्र राजनीतिमा उदाएका राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछाने पनि भावनाको राजनीति गर्ने राजनीतिज्ञ हुन् । उनले पार्टी स्थापना गर्न सक्नुमा उनले 'सिधा कुरा जनतासँग'मा आमनागरिकसँग बनाउन सकेको भावनात्मक सम्बन्ध नै प्रमुख कारण हो।

अहिले मात्र नभएर पञ्चायतकालमा पनि भावनाको राजनीति पर्याप्त हुन्थ्यो । पञ्चायत व्यवस्थालाई देशभक्तिसँग जोडेर काफी भावुक देशभक्तिका गीत लेखिए, संगीत भरिए, लय हालेर गाइए र दिमाग भुटिए । अमेरिकाको राजनीतिमा पनि चाहे ट्रम्प हुन् या ओबामा सबैले भावनाको राजनीति गरेका हुन् । ओबामाको पहिलो चुनावताका विशेष गरी भावनाको राजनीति गरिएको थियो। भाषणहरू हुन् या 'हो, हामी सक्छौँ' जस्ता चुनावी नारा, व्यापक भावनात्मक प्रतीकको रूपमा प्रयोग भएको थियो । न्युयोर्क राज्यका पूर्वगभर्नर मारियो कुमोको चर्चित भनाइ यहाँ सान्दर्भिक होला, 'चुनाव पद्यमा लडिन्छ, शासन गद्यमा गरिन्छ ।' भावनात्मक कवितामय तरिकाले आखिर ओबामाले चुनाव जिते । सन् २००८ को चुनावी लहरजस्तै अरू लहरहरू पनि भावनामै बहन्छन्।

अमेरिकाको रिपब्लिकन पार्टीका नेता डोनाल्ड ट्रम्प पनि भावनाका कुचीकार हुन् । गरिब, ग्रामीण भेगका अमेरिकीलाई उनले मोहनी लगाएका छन् । तीन वटा राष्ट्रपतिको चुनावमा धेरै विरोधका बाबजुद एक तप्काका जनताले उनलाई भगवान्कै स्वरूप मानेका छन् । प्रयोग गर्नै नमिल्ने भाषा प्रयोग गर्दा पनि उनको लोकप्रियतामा कुनै असर परेको छैन । उनले जे भन्छन् त्यो शायद गर्दैनन् । मेक्सिकोको सिमानामा बडेमानको पर्खाल लगाउँछु भने, लगाउन सकेनन् । तर त्यत्ति भनिदिनु नै एक प्रकारले जनतालाई भावनात्मक समर्थन भएको छ । उनी निकै तथ्यहीन कुरा गर्छन् तर भावनात्मक सम्बन्धमा बाँधिएका जनतालाई केही फरक परेको छैन।

मनोवैज्ञानिक, कलाकार,स्नायुविज्ञ र राजनीतिज्ञबाहेक दार्शनिकले पनि भावनालाई नजिकबाट केलाएका छन् । धेरैले मानवलाई तर्कशील प्राणी भन्छन् तर थोरैले भावनात्मक प्राणी भनेका छन् । मान्छे पनि एक प्रकारको जनावर हो । अरू जनावरमा जस्तै मानवमा भावना हुन्छ । अझ भाषा र तर्कशक्ति भएकोले मानवमा विशिष्ट भावना हुन्छन् । पुराना दार्शनिक प्लेटोले भनेका छन्, 'मानिस एउटा रथ हो भने रथका घोडा मानिसका भावना हुन् । बेलगाम घोडाहरूको गन्तव्य हुँदैन । एउटा घोडा एकतिर जाला त अर्को घोडा अर्कोतिर । गन्तव्यसम्म पुग्न घोडामा सारथिको आवश्यकता पर्दछ। मानिसको भावनाका सारथि तिनको तर्कशक्ति हो ।' यस्तै, सारसहित दार्शनिक एरिस्टोटल भन्थे, 'जो पनि रिसाउन सक्छ, रिसाउन सजिलो हुन्छ । तर सही व्यक्तिसँग, सही मात्रामा, सही समयमा, सही कारणले, सही तरिकाले रिसाउन सजिलो छैन।'

भावनाको दासता छिचोलेर हामी कसरी तर्कशील हुन सक्छौँ ? कानेमेन भन्ने मनोवैज्ञानिकका अनुसार मानिसमा दुई तरिकाका सोच–प्रक्रिया हुन्छन् । एक तरिकाको सोच–प्रक्रियाले एकदम छिटो निर्णय गर्छ । जस्तैः रिसाएको मुख देखेर हामी रिसाएको रहेछ भनेर तुरुन्त धारणा बनाउँछौँ । अर्को खालको सोच–प्रक्रियाले समय लगाएर निर्णय लिन्छ । जस्तै, २३४ ले ३४५ लाई गुणन गर्नुपÞ¥यो भने हामीले कापी र कलम लिएर समय लगाएर उत्तर खोज्नुपर्छ । मानिसलाई दुवै प्रकारका प्रणाली अत्यावश्यक पर्छन् । हाम्रो भावनाको प्रणाली पनि पहिलो किसिमको सोच प्रणालीजस्तै हुन सक्छ । जंगलमा सिकारी जीवन बिताउँदा पहिलो प्रणाली आवश्यक थियो । आधुनिक जीवनशैलीमा भने भावनाले अनावश्यक अन्धवेग मात्र सिर्जना गर्ने हुनसक्छ । भावनात्मक उत्तेजनाको निराकरण गर्न हामीले आफ्नै भावना र अरूहरूको भावनाको निष्पक्ष दर्शक हुन सिक्नुपर्छ।

# 'जटिल डेङ्गु' निम्त्याउन सक्ने पूर्व सङ्केतहरू



डा.शेरबहादुर पुन

बिदाको दिन सामान्यतय म तरकारी किन्न तरकारी बजार जाने गर्दछु । अनि फर्कदा सार्बजनिक गाडीमा÷बसमा फर्कने गर्दछु । केही दिनअगाडि मेरो ठीक पछाडिको सिटमा एक जोडी ज्वरो अनि टाउको÷जीउ असाध्य दुखेको, खानामा अरुचि भएको भन्दै कुरा गर्दै थिए । अर्कोले भन्दै थियो सायद डेङ्गु पो हो कि ? भोलि चिकित्सकसँग परामर्श गरेर रगतको जाँच गराउनु पर्ला भन्दै बिरामीले भन्दै थिए । त्यस्तै अस्ति बिहानै कोठाको झ्यालबाहिर दुई व्यक्ति (सायद बिहानी हिँडाइमा थिए) ज्वरो अनि जीउ दुखेको भन्दै डेङ्गु लागेको शङ्का गर्दै थिए । यसबाट हाल समुदायमा डेङ्गु फैलिएको देखिन्छ।

डेङ्गु सुरुवा रोग हैन तर यो लामखुट्टेको टोकाइबाट सर्ने र फैलने गर्छ । डेङ्गु लक्षणहरूका बारेमा चर्चा हुने गरेको देखिए तापनि अधिकांश सङ्क्रमितहरू लक्षण बाकेर नै आफ्नो कार्यक्षेत्रमा खटिरहेका पनि देखिन्छन् । कतिपय भने घरमा नै आराम गरेर स्वास्थलाभ गरिरहेका अवस्था छ । डेङ्गुका लक्षणहरूका बारेमा धेरै सुनेको र व्यापक प्रचार भएको पनि देखिन्छ तर जटिलता निम्त्याउन सक्ने सङ्केतहरूका बारेमा भने कमैलाई थाहा भएको देखिन्छ । सन् २०२२ मा अधिकांश डेङ्गुबाट मृत्यु भएकाहरू भर्ना हुँदा नै जटिल डेङ्गु लिएर आएका तथ्याङ्क देखिन्छ तर हामीले विगतमा देखिएका कमीकमजोरीबाट सिकेर आगामी दिनहरूमा डेङ्गुको मृत्युदरलाई घटाउने कोसिस गर्नुपर्दछ । यसर्थ डेङ्गु मृत्युदर वा जटिलता घटाउने एक मुख्य उपायमध्ये 'जटिल डेङ्गु' का पूर्वसङ्केतहरूका बारेमा थाहा पाउनु पनि आवश्यक छ।

अधिकांश डेङ्गु सङ्क्रमितमा सुरुमा 'फेब्राइल फेज' देखिने गर्दछ । यसमा मुख्यतयाः टाउको दुख्ने, जीउ दुख्ने, जोर्नी वा मांसपेशीका दुख्ने र खाना खान पटक्कै मन नलाग्ने हुन्छ । त्यस्तै, ज्वरो आउने, आँखाको गेडी दुख्ने वा खस्लाजस्तो हुने, शरीरमा स–साना राता बिमिराहरू देखिने, पखाला लाग्नेजस्ता समस्या पनि देखिने गर्दछ । कतिपयलाई खोकी पनि लागेको देखिन्छ । तर खोकी डेङ्गुको कारणले हो वा फ्लू भाइरसले गर्दा हो भनेर छुट्याउने गरेको भने देखिँदैन । वास्तवमा हाल फ्लूको सिजन पनि हो भने कोभिडको सङ्क्रमण पनि सँगसँगै देखिएको छ । 'फेब्राइल फेज' औसतमा झन्डै आठदेखि १० दिनमा देखिने गर्दछ । ज्वरो घटेको २४ देखि ४८ घण्टा बिरामीमा 'जटिल डेङ्गु' देखिने सक्ने सम्भावना प्रबल रहन्छ।

'जटिल डेङ्गु'का पूर्वसङ्केतहरू के के हुन् त ?

तारन्तार बान्ता हुनु,
असाध्य पेट दुख्नु,
नाक वा गिजाबाट रगत बग्नु,
बेचैनी हुनु वा अत्यन्त कमजोर हुनु आदि।

माथि उल्लिखित लक्षण वा सङ्केतहरू घरमा सङ्क्रमित भएर बसिरहेको बेला देखिन वा थाहा पाउन सकिन्छ । तसर्थ, यस्ता सङ्केतहरू देखिए तुरुन्त स्वस्थ केन्द्र वा अस्पतालमा जानुपर्दछ । अस्पतालमा जाँच गर्दा थप सङ्केतहरू देखिने गर्दछ । परीक्षणबाट कलेजो आकार बढेको वा सुन्निएको तथा छाती वा पेटमा पानी भए÷नभएको थाहा हुन्छ । रगतको जाँच गर्दा प्लेटेलेट्स तीव्र गतिमा घट्नु र हेमाटोकृत बढेको देखन्छ । डेङ्गुको सङ्क्रमण भएको बिरामीलाई कमजोरी अनुभव हुन्छ । डेङ्गु लागेपछि रगतमा प्लेटलेट्सको सङ्ख्या तीव्र रूपमा घट्न थाल्छ । यस्तो अवस्थामा औषधिका साथसाथै खानपान र सही दिनचर्या आवश्यक हुन्छ।

सन् २०२२ सालमा काठमाडौँमा देखिएको डेङ्गु प्रकोपले सबैभन्दा धेरै मानिसको ज्यान लिएको थियो । यो प्रकोपलाई कोभिड–१९ को घातक लहरहरूभन्दा खासै फरक महसुस नगरे वा तुलना गरिएको थियो । काठमाडौँका लागि सन् २०१९ पछिको दोस्रो ठूलो प्रकोप (धेरैलाई अस्पताल आउनुपर्ने बाध्यता गराएको कारण) थियो । अनि नेपालको इतिहासमा नै 'घातक डेङ्गु' वर्षका रूपमा मैले सन् २०२२ लाई लिएको थिएँ । यसमा विशेषतः ज्येष्ठ नागरिक अनि दीर्घरोगीहरू जस्तै उच्चरक्त चाप, मधुमेह र श्वास–प्रश्वासको सङ्क्रमण भएका व्यक्तिहरू बढी डेङ्गुको जटिलताबाट मृत्यु भएका थिए । मनसुनको समयमा डेङ्गु सँगसँगै देखिने अरू सङ्क्रामक रोगहरूले डेङ्गु लक्षणलाई थप जटिल बनाउन सहयोगी भूमिका खेल्ने विभिन्न अध्ययनहरूको नतिजाले देखाएको छ।

नेपालमा डेङ्गु सँगसँगै चिकुनगुनिया भाइरस, स्क्रब टाइफस, फ्लूजस्ता थप सङ्क्रमणहरू फैलने गर्दछ । यसर्थ, ज्येष्ठ नागरिक, सह–सङ्क्रमित वा उच्च रक्तचाप, मधुमेह र श्वास–प्रश्वास (दीर्घ वा हालै सङ्क्रमित भएको अवस्था) समस्या भएका व्यक्तिहरूले 'जटिल डेङ्गु' का पूर्वसङ्केतलाई कुनै वा देखिनु नै पर्छ भन्ने छैन । यस्तो अवस्थामा चिकित्सकको निरन्तर सम्पर्कमा रही आफ्नो स्वास्थ अवस्थाका बारेमा जानकारी लिनु अति बुद्धिमानी हुनेछ । डेङ्गुबाट बच्नु भनेको यस्ता लामखुट्टेको टोकाइबाट बच्नु नै हो । किनभने यसको टोकाइ एवं सङ्क्रमण निकै घातक हुन सक्छ।

दसैँ अगाडि डेङ्गुले गति लिँदै गइरहेको अवस्था थियो । दसैँलगत्तै अस्पतालमा जाँदा डेङ्गु पुष्टि भएका बिरामीहरूको सङ्ख्या अझ बढ्दै गइरहेको पाइएको छ । यसबाट दिनमा नै दर्जनौँ डेङ्गु भाइरस पुष्टि हुने क्रमले निरन्तरता पाइरहेको अवस्था देखिन्छ । हुन त काठमाडौँ मात्र नभई देशका विभिन्न ठाउँहरूमा डेङ्गुले व्यापक प्रभाव पारेको जानकारीहरू आउने क्रम जारी छ । डेङ्गुको यो रफ्तारमा सम्भवतः तत्काल रोकिने सम्भावाना अत्यन्त न्यून देखिन्छ।

चाखलाग्दो कुरा के छ भने अधिकांश डेङ्गु सङ्क्रमितहरू लक्षण लिएर घरघरमा बसिरहेको वा कार्यक्षेत्रमा निरन्तर खटिरहेका देखिन्छन् । अझ भनौँ धेरै मानिस 'वाकिङ डेङ्गु'को अवस्थामा रहेको देखिन्छ । 'वाकिङ डेङ्गु'भन्नाले डेङ्गु सङ्क्रमित भई निरन्तर आफ्नो दैनिकीलाई निरन्तरता दिइरहेको अवस्थालाई भन्न खोजेको हो । चाडपर्वमा मान्छेहरू यसको लक्षणलाई नजरअन्दाज गर्दै आउजाउ, भेटघाट गरिरहेका छन् । किनभने डेङ्गुको सामान्य लक्षण आम समस्यासँग मिल्दोजुल्दो हुन्छ । यस्तो अवस्थामा मान्छेहरू सामान्य समस्या ठानेर आफूखुसी औषधिसमेत खाँदै हिँड्डुल गरिरहेका हुन्छन् । जब समस्या जटिल बन्दैन, तबसम्म उनीहरू अस्पताल पुग्दैनन्।

अधिकांशलाई डेङ्गुको लक्षण देखिएको ८–१० दिनमा स्वास्थ्यमा सुधारोन्मुख देखिन्छ भने केहीमा डेङ्गुले जटिल अवस्था सिर्जना गर्न सक्दछ । तसर्थ 'जटिल डेङ्गु' का पूर्वसङ्केतहरू सङ्क्रमितले थाहा पाउन अति आवश्यक देखिन्छ र सो देखिए तुरुन्त चिकित्सकसँग सम्पर्क गर्न सक्छन् । हाल डेङ्गु सङ्क्रमणको लहर रोक्न विभिन्न कारणले गर्दा चुनौती रहेको भए तापनि 'जटिल डेङ्गु' का पूर्वसङ्केतलाई ध्यान दिनसक्ने हो भने डेङ्गुबाट हुनसक्ने मृत्युदरलाई उल्लेखनीय सङ्ख्यामा कम गर्न सकिन्छ । हालसम्म रेडियो, टेलिभिजन, पत्रपत्रिका तथा सामाजिक सञ्जालहरूमा डेङ्गु के हो, कसरी सर्छ र यसका लक्षणहरूका बारेमा जानकारीहरू दिने गरेको देखिए तापनि अबको प्रचारप्रसार तथा जानकारीहरू 'जटिल डेङ्गु' का पूर्वसङ्केतका बारेमा केन्द्रित हुनुपर्ने देखिन्छ । यसबाट डेङ्गुबाट हुने मृत्युदरलाई उल्लेखनीय रूपमा कम गर्न सकिनेछ । यो नै अहिलेको प्रमुख आवश्यकता र सघन माग पनि हो । रासस

# प्रहरी समायोजन नहुँदा समस्या भयोः मुख्यमन्त्री पाण्डे



**गण्डकी ।** गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले प्रहरी समायोजन नहुँदा प्रदेश सरकारलाई आफ्नो कार्य सम्पादन गर्न समस्या भएको बताएका छन् ।
गण्डकी प्रदेश प्रहरी कार्यालय पोखराद्वारा ६९औँ प्रहरी दिवसका अवसरमा बिहीबार आयोजित कार्यक्रममा उनले प्रहरी समायोजन नहुँदाको यसको असर प्रदेश सरकारको काम कारबाहीमा पनि परेको छ भने । 'गण्डकी प्रदेश सरकारले आफू मातहत नभए पनि प्रदेशभित्रका नागरिकको सुरक्षा, सेवा गरिरहेको सुरक्षाकर्मीलाई सहयोग गर्नेगरी कार्यक्रम र बजेट विनियोजन गरेको छ', उनले भने,'प्रहरीलाई मात्रै यस वर्ष कार्यान्वयन हुने प्रहरी चौकीहरू निर्माण, तालिम केन्द्रको संरचना, प्रहरी अस्पतालको भौतिक संरचना निर्माण सिसिटिभी जडान, घेराबार र चौकीहरूको भौतिक पूर्वाधारका योजनामा १३ करोड ९५ लाख बजेट विनियोजन गरिएको छ ।'
सुरक्षाकर्मीलाई साधन स्रोत सम्पन्न बनाउन, आधुनिक प्रविधिसँग दक्ष बनाउन राज्यले अहिले भइरहेको भन्दा लगानी बढाउनुपर्ने आवश्यकता रहेको उनले बताए । गत वर्ष कार्यक्रम ढिला गरी स्वीकृत हुँदा कार्यान्वयनमा समस्या भएको उल्लेख गर्दै मुख्यमन्त्री पाण्डेले यस वर्ष केन्द्रको अर्थ र गृह मन्त्रालयबाट स्वीकृत भई प्रदेशको अर्थ मन्त्रालयले पनि स्वीकृत प्रदान गरिसकेका कारण कार्यक्रम कार्यान्वयनको चरणमा अघि बढिसकेको छ भने ।
भौतिक पूर्वाधारलगायत योजनामा गत वर्ष प्रहरीका लागि प्रदेश सरकारले १६ करोड विनियोजन गरेको बताउँदै उनले सीमित साधन स्रोत र प्रदेश सरकारको बजेट नै गत वर्षभन्दा घटेकाले यस वर्ष केही कम भएपनि प्राथमिकताका आधारमा प्रहरीको माग अनुसारकै बजेट विनियोजन गर्दै आएको बताए । खोज तथा उद्धारमा प्रयोग हुने विपद् सामग्री हस्तान्तरण, तालिम,अभ्यास, सचेतनामूलक कार्यक्रम, लागुऔषध दुव्र्यसनी न्यूनीकरणका कार्यक्रम प्रदेश सरकारको सहयोगमा सञ्चालन हुँदै आएको बताउँदै उनले यसबाट केही हदसम्म प्रहरीहरूको मनोबल उच्च राख्न र सङ्गठनलाई चलायमान बनाउन मद्दत पुग्ने अपेक्षा गरिएको बताए ।
प्रहरीलाई राज्य र आम नागरिकलाई शान्तिसुरक्षा दिनुपर्ने गहन जिम्मेवारी रहेका कारण सुरक्षाकर्मीसँग नागरिकको अपेक्षा धेरै रहेको भन्दै मुख्यमन्त्रीले भने, 'प्रहरी कार्यालयमा आफ्ना पीरमर्का लिएर आउने सेवाग्राहीको गुनासो वा विवरण राम्रोसँग सुनिदिने र कार्यान्वयनमा जटिलता तथा झन्झट पैदा नगर्ने, पटक–पटक कार्यालय धाइरहनुपर्ने वातावरणबाट मुक्ति दिने, नागरिकहरूसँग शिष्ट व्यवहार गर्ने, आपत्कालीन सहयोग गर्नेजस्ता मानवीय कार्यलाई प्राथमिकता दिँदै अघि बढ्न सकेमा प्रहरीबाट नागरिकमा अझै प्रभावकारी सेवा पुग्ने देखिन्छ ।'
देशमा शान्तिसुरक्षा कायम राख्ने सवालमा मात्र नभई विपत्का समयमा पनि नेपालमा सुरक्षा सयन्त्रहरूले निर्वाह गर्दै आएको भूमिकाको उनले प्रशंसा गरे । हरेक विपद्का समयमा राज्यको पहिलो उपस्थितीको प्रतिनिधित्व सुरक्षाकर्मीले गर्दै आएको भन्दै उनले प्रहरी दिवस आम नागरिकको दिवस बन्नसक्ने कामना गरे ।
गण्डकी प्रदेश प्रहरी प्रमुख प्रनामनि दुर्गा सिंहले कर्तव्य परायणता र जिम्मेवारितालाई आत्मसात् गर्दै प्रहरी सङ्गठन देश र जनताको सुरक्षार्थ निरन्तर खटिरहेको बताए । जनमुखी, पारदर्शी र नागरिकमैत्री प्रहरी छवि कायम गराउनेमा निरन्तर लागिरहेको प्रहरी सङ्गठन सीमित साधन र स्रोतका बाबजुद पनि क्रियाशील बनिरहेको उनले बताए । गण्डकी प्रदेश प्रहरी तालिम केन्द्रका प्रमुख मुकुन्द मरासिनीले राज्यको कानून कार्यान्वयन गराउनेमा प्रहरी सङ्गठन निरन्तर लागिरहेको धारणा राखे ।
कार्यक्रममा समाचार सम्प्रेषणमार्फत सहयोग पु–याएबापत सञ्चारकर्मी रघुराज वाग्ले लगायत विभिन्न विधामा उत्कृष्ट प्रहरी कर्मचारी, शिक्षक तथा विद्यार्थीलाई सम्मान गरिएको थियो । कार्यक्रमका प्रहरी ब्यान्ड प्रस्तुत गरिएको थियो । कार्यक्रममा प्रहरी महानिरीक्षक बसन्तबहादुर कुँवरले प्रहरी दिवसका अवसरमा दिनुभएको सन्देश प्रनामनि दुर्गा सिंहले पढेर सुनाएका थिए । रासस

# राष्ट्रपतिद्वारा नवदुर्गाको पूजा तथा प्रसाद ग्रहण

**भक्तपुर ।** बडादसैँको अन्तिम दिन बिहीबार कोजाग्रत पूर्णिमाका अवसरमा राष्ट्रपति रामचन्द्र पौडेल भक्तपुरस्थित नवदुर्गा मन्दिर जानुभई नवदुर्गा भवानीको पूजाअर्चना गरी टीका प्रसाद ग्रहण गरेका छन् ।
यो अवसरमा प्रथम महिला सविता पौडेल पनि सहभागी थिए ।
राष्ट्रपति पौडेललाई नवदुर्गा मन्दिरका मूल नाइके सूर्यमान वनमाला, मूल पुजारी रमेश कर्माचार्यलगायत सहायक नाइकेहरूले नवदुर्गाको प्रसाद प्रदान गरेका थिए । राष्ट्रपति पौडेलले नवदुर्गा देवगणका मूर्ति अवलोकन गरी दर्शन समेत गरेका थिए ।
राष्ट्रपतिले नवदुर्गा भवानीको जमरा एवं टीका प्रसाद, फूलमाला, बिमिरा र पञ्चरङ्गी धागो प्रसादस्वरुप ग्रहण गरेका थिए । नवदुर्गाका २८ जना देवगण, पुजारी तथा तलेजुका मूल नाइकेलाई राष्ट्रपतिले दक्षिणासमेत प्रदान गरे । त्यसैगरी, राष्ट्रपतिलाई तलेजु मन्दिरका मूल नाइके नरेन्द्रप्रसाद जोशीले तलेजुको फूल, माला तथा प्रसाद प्रदान गरेका थिए ।
राजा हरिसिंह देव र रानी देवलदेवीले सिम्रणगढबाट ल्याएको मूल भक्तपुर तलेजुको प्रसाद र एकान्त कुमारीको प्रसाद राष्ट्रपति पौडेललाई प्रदान गरेको जोशीले बताए ।



राष्ट्रपतिलाई प्रमुख जिल्ला अधिकारी रोशनीकुमारी श्रेष्ठ, सहायक प्रमुख जिल्ला अधिकारी डोलेन्द्र निरौला, गुठी संस्थान वली, राष्ट्रिय अनुसन्धान भक्तपुरका प्रमख टेकराज तिमिल्सिना, नागरिक अभियन्ता, सुरक्षा निकायका प्रमुखहरूलगायतले स्वागत गरेका थिए ।
मल्लकालदेखि राजा, महाराजाहरूले नवदुर्गाको पूजा, अर्चना गर्दै आए पनि बीचमा यो परम्परा खण्डित भएको बताइन्छ ।
२०४५ सालमा भूकम्प आएपछि दैवीप्रकोपको घटनाले देश र जनताको हित एवं कल्याणका निमित्त तत्कालीन राजाहरूले राष्ट्रप्रमुखको हैसियतमा र गणतन्त्र आएपछि राष्ट्रपतिले यो पूजाअर्चनालाई निरन्तरता दिन थालेको नवदुर्गा मन्दिर व्यवस्थापन समितिका सल्लाहकार नारायणप्रसाद वनमालाले जानकारी दिए । नवदुर्गाअन्तर्गत ब्रह्मायणी, महेश्वरी, कुमारी, वैष्णवी, बाराही, महाकाली, महालक्ष्मी, त्रिपुरासुन्दरी र भद्रकालीको पूजा गरिन्छ । रासस

# राष्ट्रियसभा अध्यक्ष र स्विस नेसनल काउन्सिलका अध्यक्षबीच भेटवार्ता

**काठमाडौँ ।** राष्ट्रियसभाका अध्यक्ष नारायणप्रसाद दाहाल र स्विजरल्यान्डको नेसनल काउन्सिलका अध्यक्ष एरिक नसबाउमरबीच भेटवार्ता भएको छ ।
अन्तर–व्यवस्थापिका सङ्घको महासभामा भाग लिन जेनेभा पुग्नुभएका अध्यक्ष दाहाल र स्विस नेसनल काउन्सिलका अध्यक्ष एरिकबीच भएको भेटमा उहाँहरूबीच द्विपक्षीय र आर्थिक सम्बन्ध, अन्तर्राष्ट्रिय मुद्दा, बहुपक्षीय सहयोगबारे छलफल भएको सङ्घीय संसद् सचिवालयले जनाएको छ ।
त्यस अवसरमा नेपालको शान्ति प्रक्रियामा स्विस सरकारबाट भएको सहयोगको स्मरण गर्दै उनीहरूबीच विचार–विमर्श भएको थियो ।
सो अवसरमा अध्यक्ष दाहालले नेपालको द्वन्द्व व्यवस्थापन र शान्ति प्रक्रियामा स्विस सरकारले महत्वपूर्ण सहयोग गरेको उल्लेख गर्दै नेपाली जनताका तर्फबाट धन्यवाद व्यक्त गरे ।
संयुक्त राष्ट्रसङ्घ, आइपियूलगायत बहुपक्षीय मञ्चमा दुई देशका साझा धारणा, सहयोग र सहकार्यको चर्चा गर्दै अध्यक्ष दाहालले आगामी दिनमा पारस्परिक हित र मैत्रीपूर्ण सम्बन्धलाई थप सुदृढ पार्न द्विपक्षीय, क्षेत्रीय र बहुपक्षीय तहमा स्विट्जरल्यान्डसँग काम गर्न नेपाल सधैँ तयार रहेको बताए ।
प्रत्यक्ष लोकतन्त्र र सङ्घीयताको अभ्यासमा स्विट्जरल्यान्ड विश्वकै सफल उदाहरण भएको चर्चा गर्दै उनले भने, 'सङ्घीय गणतन्त्रका रुपमा भर्खरै अभ्यास गरिरहेको नेपाल स्विट्जरल्यान्डका असल अभ्यास बुझ्न र सिक्न प्रयासरत छ । हामी लोकतन्त्रको सुदृढीकरण र लोकतान्त्रिक संस्थालाई जनस्तरसम्म सुदृढ गर्न प्रयास गरिरहेका छौँ ।'
राज्यको शासकीय संरचनामा सीमान्तकृत वर्गको सहभागिता गराउन समावेशी सिद्धान्त लागू गरिरहेको उल्लेख गर्दै उहाँले सङ्घीय संसद् र प्रदेशसभामा ३३ प्रतिशत तथा स्थानीय तहमा ४१ प्रतिशत महिला प्रतिनिधित्व सुनिश्चित गरिएको बताए । 'शान्ति प्रक्रियाका बाँकी काम पूरा गरी हामी दिगो शान्ति, स्थायित्व र विकासको लक्ष्यतर्फ अघि बढेका छौँ,' अध्यक्ष दाहालले भने,'नेपालको शान्ति प्रक्रियालाई पूर्णता दिन स्विस सरकारको महत्वपूर्ण सहयोग हुनेछ भन्ने हामीले अपेक्षा लिएका छौँ ।'



सङ्घीय संसद्ले नेपाल–स्विट्जरल्यान्ड संसदीय मैत्री समूह गठन गरेको जानकारी दिँदै अध्यक्ष दाहालले मैत्री समूहले दुई देशका संसदीय अनुभव, अभ्यास, सहकार्य र आपसी सहयोगका लागि संवादको ढोका खोलेको बताए ।
स्विट्जरल्यान्ड नेपालको एक प्रमुख विकास साझेदार भएको बताउँदै उनले भने, 'स्विस सरकारले प्रदान गर्दै आएको विकास सहयोगमा नेपाललाई प्राथमिकतामा राखी निरन्तरता दिनुभएकामा स्विस जनता र सरकारलाई हार्दिक धन्यवाद व्यक्त गर्दछु । स्विस विकास सहयोगले नेपालको सामाजिक–आर्थिक विकासमा महत्वपूर्ण योगदान पुऱ्याएको छ ।'
स्विस नेसनल काउन्सिलका अध्यक्ष एरिकले नेपाल र स्विट्जरल्यान्डबीचको सम्बन्ध प्रगाढ रहेको चर्चा गर्दै आइपियूको महासभाका सन्दर्भमा नेपाली समकक्षीलाई स्विजरल्यान्डमा भेट्दा आफूलाई खुसी लागेको बताएको संसद् सचिवालयले जनाएको छ ।
नेपालले शान्ति प्रक्रियालाई निष्कर्षमा पुऱ्याउन कानुन पारित गरेकामा बधाई दिँदै अध्यक्ष नसबाउमरले कानुन कार्यान्वयनमा लैजानका निम्ति आफूहरू आवश्यक सहयोग गर्न तयार रहेको बताए । 'शान्ति प्रक्रियालाई पूर्णता दिन आवश्यक कानुन पारित गर्नुभएकामा बधाई दिन चाहन्छु,' उनले भने, 'कानुन कार्यान्वयनका क्रममा आवश्यक सहयोगका लागि हामी तयार छौँ ।'
नेपालले नयाँ संविधानमार्फत सङ्घीय शासन प्रणाली अवलम्बन गरेकामा खुसी व्यक्त गर्दै उनले सङ्घीयताको कार्यान्वयनमा पनि स्विस सरकारको सहयोग हुने बताए । नेपाल पर्यटकीय दृष्टिकोणले निकै सम्भावनायुक्त देश भएको चर्चा गर्दै अध्यक्ष नसबाउमरले नेपालको पर्यटन प्रवद्र्धन र हवाई सेवाको गुणस्तर एवं विकासमा स्विस सरकारले सक्दो सहयोग गर्ने प्रतिबद्धता जनाए । रासस

# समाजको विविधतालाई बचाई राख्न भाषागत समाचार जरुरी छः मन्त्री गुरुङ

**काठमाडौँ ।** सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले समाजको विविधतालाई बचाई राख भाषाभाषीको समाचार जरुरी भएको बताएका छन् ।
नेपाल टेलिभिजनको 'नेपालभाषा समाचार प्रसारण' बिहीबार शुभारम्भ गर्दै मन्त्री गुरुङले मुलुकको विविधतालाई संरक्षण गर्न विविध भाषामा समाचार दिनुपर्ने जरुरी भएको बताए ।
'नेपाल विविधतायुक्त समाज भएको राष्ट्र हो, यहाँ धैरै विविधता छन्, धेरै विविधता भएको इन्द्रिणी समाजलाई संरक्षण गर्नुपर्छ', मन्त्री गुरुङले भने,'राज्यको सबै निकायमा समाजको चित्रअनुसार समेट्नुपर्ने जरुरी छ ।'
मन्त्री गुरुङले नेपाल टेलिभिजनले विविधताभित्र एकताको खोजी गर्नुपर्ने र विगतमा बहिष्करणमा परेका समुदायलाई ध्यानमा राखेर काम गर्नुपर्नेमा जोड दिए । 'नेपाल टेलिभिजन राज्यको हो, यस्मा राज्य झल्किनुपर्छ', उनले भने, 'काठमाडौँमा नेपाल भाषा बोल्ने धेरै हुनुहुन्छ, यही भाषामा समाचार सुन्न र हेर्न पाउँदा उहाँहरूलाई गर्व लाग्छ, यो नेपाल टेलिभिजनको गौरवपूर्ण काम हो ।'
राससले मङ्गलबार नेपाल भाषाको समाचार सेवा प्रारम्भ गरेको उल्लेख गर्दै मन्त्री गुरुङले नेपाल टेलिभिजन र रेडियो नेपालले बिहीबारदेखि सेवा प्रारम्भ गर्नु महत्वपूर्ण भएको तथा समाचार माध्यमले जनतामा आशा जगाउने किसिमको सामग्री उत्पादन र प्रसारण गर्नुपर्नेमा जोड दिए ।
मन्त्रालयका सचिव राधिका अर्यालले सरकारको एक सय दिनको काममा नेपाल टेलिभिजनले गर्नुपर्ने एउटा महत्वपूर्ण काम समयमै गरेको र यसले नेपाल भाषा बोल्ने समुदायको भाषा मात्रै नभएर लिपिको समेत संरक्षण हुने विश्वास व्यक्त गरे ।
नेपाल टेलिभिजनका अध्यक्ष समीरजङ्ग शाहले स्रोतसाधनको अभावका बाबजुत पनि राज्यप्रतिको आफ्नो दायित्व पूरा गर्न सधैँ तयार रहेको र नेपालको भाषा संरक्षण तथा संवद्र्धन गर्न नेपाल टेलिभिजन सधैँ तयार रहेको बताए ।
नेपाल टेलिभिजनका महाप्रबन्धक फुलमान बल्लले राज्यको प्राथमिकता प्रबद्र्धन गर्न गत वर्षदेखि नै भाषाभाषीको समाचार प्रसारण गर्न काम सुरु गरेको र बागमती प्रदेशको दोस्रो ठूलो भाषा 'नेपाल भाषा' बिहीबारदेखि प्रारम्भ गरेको बताए । नेपाल टेलिभिजनबाट बिहीबार अपराह्न ४:३० बजे नेपाल भाषाको समाचार प्रसारण हुने बताइएको छ ।
नेपालको जनगणना २०७८ अनुसार नेपाल भाषा बोल्ने जनसङ्ख्या आठ लाख ८३ हजार (तीन प्रतिशत) रहेको छ । नेपाल टेलिभिजनले गत वर्षदेखि तामाङ र गुरुङ भाषामा केन्द्रबाट समाचार प्रसारण गर्दै आएको छ ।
कार्यक्रममा प्रेस काउन्सिल नेपालका अध्यक्ष बालकृष्ण बस्नेत, राष्ट्रिय समाचार समिति (रासस) का कार्यकारी अध्यक्ष धर्मेन्द्र झा,गोरखापत्र संस्थानका महाप्रबन्धक लालबहादुर ऐरीलगायत उपस्थित थिए । रासस

# जनताको पहिलो सरकार बर्दिवाला प्रहरीः मुख्यमन्त्री कार्की

**विराटनगर ।** कोशी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्की जनताका पहिलो सरकार बर्दी लगाएको प्रहरी भएकाले जनतालाई निराश बनाउने काम प्रहरीले गर्न नहुने बताएका छन् ।
कोशी प्रदेश प्रहरी कार्यालय विराटनगरले '६९औँ प्रहरी दिवस–२०८१' का अवसरमा आयोजित विशेष कार्यक्रमलाई बिहीबार सम्बोधन गर्दै उनले अपराधीलाई कानूनको दायराभित्र ल्याउनसक्ने नेपाल प्रहरी अन्तर्राष्ट्रियस्तरमा पनि ख्याति कमाएको प्रसङ्ग उल्लेख गरे । उनले आफूलाई सबल र सक्षम साबित गर्न प्रहरी सङ्गठन समयानुकूल बलुपर्ने धारणा राखे ।
उनले प्रहरी समायोजन भएमा कोशी प्रदेश प्रहरी सङ्गठनलाई दुई वर्षभित्र साधन र स्रोतले सम्पन्न बनाउने प्रतिबद्धता व्यक्त गर्दै मुख्यमन्त्री कार्कीले भने,'सङ्घीय सरकारले प्रहरी ऐन बनाएर छिट्टै प्रदेश सरकारलाई प्रहरी समायोजन गर्नुपर्छ ।'
सात दशक इतिहास बोकेको नेपाल प्रहरी अहिले पनि साधन र स्रोतले सम्पन्न हुन नसक्नु दुःखद विषय हो भन्दै सङ्घीयताको कार्यान्वयनसँगै प्रदेश सरकारले प्रहरी संरचना सवारीमा ठूलो लगानी गरेको जानकारी दिए ।



सूचना प्रविधिको विकाससँगै प्रहरीले पनि आफूलाई सोही स्तरमा परिवर्तन गर्नुपर्ने भन्दै मुख्यमन्त्री कार्कीले भने,'जनताको जीउधनको सुरक्षा गरेर समाजमा सुशासन कायम गर्न प्रहरीको भूमिका महत्वपूर्ण छ ।' उनले प्रदेश सरकारले प्रहरीको माध्यमबाट शान्तिसुरक्षा, सुशासन र शासकीय पद्धति सुधार गर्न प्रयत्नशील छ भन्दै प्रहरीको विशिष्ट भूमिकाले नै जनता वर्तमान व्यवस्थाप्रति नतमस्तक रहेको बताए ।
आन्तरिक मामिला तथा कानुनमन्त्री लीलाबल्लभ अधिकारीले नेपाल प्रहरीले शान्तिसुरक्षाका अतिरिक्त आपत्विपद्का घटनामा खेलेको भूमिकाको सराहना गरे । उनले नेपाल प्रहरीको कार्यक्षमता, दक्षता र व्यावसायिकता सशक्त हुनुपर्ने भन्दै प्रदेश सरकारले प्रहरीका ५८ भवन, १४ प्रहरी भ्यान र सयौँ मोटर साइकल वितरण गरेको जानकारी दिए । रासस

# दशैँमा दुई लाख ३७ हजारले गरे हवाई यात्रा

**काठमाडौँ ।**
बडादशैँको पाँच दिनको अवधिमा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल भएर कुल दुई लाख ३७ हजारभन्दा बढीले हवाई यात्रा गरेका छन् । विमानस्थल कार्यालयको तथ्याङ्क अनुसार दसैँको फुलपाती देखि पूर्णिमाको अघिल्लो दिनसम्म अर्थात् असोज २४ गतेदेखि २८ गतेसम्म आन्तरिकतर्फ एक लाख ६० हजार नौ सय १० र अन्तर्राष्ट्रियतर्फ ७८ हजार पाँच सय १२ जनाले हवाई यात्रा गरेका हुन् ।
विमानस्थलका प्रवक्ता रिञ्जी शेर्पाका अनुसार दशैँको सात दिन अर्थात् असोज २४ गते फुलपातीदेखि पूर्णिमाको अघिल्लो दिन (असोज ३० गते) सम्म आन्तरिकतर्फ दुई हजार एक सय ५९ र अन्तर्राष्ट्रियतर्फ सात सय ८१ गरी कुल दुई हजार नौ सय ४० उडान भएका छन् । यो दुईतर्फी उडानको सङ्ख्या हो ।
दशैँको दुई दिन अर्थात् असोज २४ गते फूलपाती र असोज २६ गते (महाअष्टमी÷महानवमी) मा आन्तरिक र अन्तर्राष्ट्रिय दुवै गरी ६३ हजार दुई सय ४२ जनाले हवाई यात्रा गरेका थिए । असोज १३ गतेदेखि असोज २८ गतेसम्म कुल चार लाख २७ हजार नौ सय ४६ जनाले हवाई यात्रा गरेको विमानस्थलले जनाएको छ । यसमा आन्तरिकतर्फ दुई लाख २३ हजार आठ सय ४७ र अन्तर्राष्ट्रियतर्फ दुई लाख ४० हजार ९९ यात्रुले आवत जावत गरेका छन् ।
यसैगरी असोज १३ गतेदेखि असोज २८ गतेसम्म आन्तरिकतर्फ पाँच हजार एक सय आठ र अन्तर्राष्ट्रियतर्फ एक हजार सात सय ४४ गरी कुल ६ हजार आठ सय ५२ उडान सञ्चालन भएको विमानस्थलको तथ्याङ्कमा उल्लेख छ । यसअघि यही असोज १४ गते एकैदिन आन्तरिक उडान र अन्तर्राष्ट्रिय उडान गरी पाँच सय ५९ उडान भएका थिए । ती उडानमार्फत सोही दिन ३५ हजार सात सय चार जनाले हवाई यात्रा गरेका थिए । यही असोज ११ र १२ गतेको अबिरल वर्षाका कारण मुलुकका विभिन्न स्थानमा बाढी पहिरोले सडक सञ्जाल अवरुद्ध हुँदा हवाई उडानको चाप बढेको थियो ।
अन्तर्राष्ट्रिय विमानस्थलमा आन्तरिक र अन्तर्राष्ट्रिय दुवै उडान चाप बढेपछि विमानस्थलको टर्मिनल भवनमा यात्रुको खचाखच भीडभाड थियो । अहिले हवाई उडान सामान्य बन्दै गएको विमानस्थल कार्यालयले जनाएको छ । यही असोज १३, १४, १५ र १६ गते हवाई उडान चाप बढेको थियो ।
त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट अन्तर्राष्ट्रियतर्फ तीन नेपालीसहित ३० विमान कम्पनीले उडान गर्दै आएका छन् भने आन्तरिकतर्फ सात विमान कम्पनीले सेवा दिइरहेका छन् । दशैँको समयमा आन्तरिकमा सुगम विमानस्थलमा ठूला एयरलाइन्सका विमानले उडान भरे । निजी क्षेत्रको बुद्ध एयर, यती एयरलाइन्स तथा श्री एयरलाइन्सले बढी उडान भरेका थिए । यि कम्पनीसँग ठूला र मझौला विमान छन् । बुद्ध र यतीसँग एटीआर ७० विमान र श्री एयरलाइन्सस ८० सिट क्षमताका 'ड्यास एट' विमान छन् । समिट एयर, तारा एयर र सीता एयरले लुक्लालगायत दुर्गम गन्तव्यमा उडान भर्ने गरेका छन । नेपाल वायुसेवा निगमले आन्तरिक उडानमा मात्र दुई विमानले दुर्गम क्षेत्रमा उडान भर्दै आएको छ । रासस

# सिलौटो बेचेर मासिक ४० हजार आम्दानी गर्दै अनिल



**धरान ।**
सुनसरीको इटहरी उपमहानगरपालिका–६ टेङ्ग्रा खोलाको किनारमा इटहरी उपमहानगरपालिका–४ का अनिल सन्तराज सिलौटा बनाउँदै गरेको अवस्थामा भेटिए । उनी लोहोरो, जाँतो, सिलौटोलगायत सामग्री बनाएर बिक्री गर्दै आएका छन् । सन्तराजले यही व्यापारबाट जीविकोपार्जन गर्दै आएका छन् ।
उनले भने, 'सिलौटा बनाउने हाम्रो पुख्र्यौली पेसा नै हो । तीन पुस्तादेखि गरिँदै आएको पेसालाई मैले पनि निरन्तरता दिँदैआएको छु ।'
इटहरी बजारको व्यस्त सडकमा चर्को घाममा सन्तराज ढुङ्गाका सामाग्री बिक्री गर्दै आएका छन् । नजिकैको खोला किनारमा प्लास्टिकको छानोमुनि दिनभर घन र छिनोको साहायताबाट उहाँले ढुङ्गालाई विभिन्न आकार दिनुका साथै बुट्टा भर्दै आएका छन् । उनले खोलाको किनारमा ती सामग्री बिक्रीका लागि लहरै राखेका छन् । 'विदेशमा गएर दुःख गर्नुभन्दा यही पुख्र्यौली पेसा सिलौटो व्यापारबाट आम्दानी गर्दैआएको छु, दिनभर यही बसेर सामाग्री तयार गर्छु, बेलुका घर फर्किन्छु । अहिलेसम्म यही व्यापारबाट परिवारलाई खान लाउन पुगेको छ । आम्दानीसँगै आत्मसन्तुष्टि पनि मिलेको छ', सन्तराजले भने ।
सन्तराजले दैनिक तीनदेखि चार जोरसम्म लोहोरो र सिलौटा बनाउँदै आएका छन् । 'कहिले चार÷पाँच वटासम्म बिक्री हुन्छ कहिले कत्ति पनि बिक्री हुँदैन । व्यापार हो, सधैँ एकनास हुँदैन', उनले भने । लोहोरो, जाँतो, सिलौटालगायत सामग्री बिक्री गर्न सन्तराज जिल्लाका विभिन्न ठाउँ पुग्ने गरेका छन् । सिलौटो बनाउने ढुङ्गा मोरङको केराबारी, जाँते, लेटाङ, धुलाबारीगायतका स्थानबाट ल्याउने गरेको उनले बताए ।
व्यापारबाट घर खर्च कटाएर मासिक ४० हजार रुपैयाँसम्म आम्दानी हुँदै आएको सन्तराजले जानकारी दिए । उनले एउटै ठाउँलाई व्यापार गर्ने थलो बनाएका छन् । छोराले पनि उनलाई साथ दिँदै आएका छन् । 'पुख्र्यौली पेसाको संरक्षण पनि भयो । साथमा आम्दानी पनि हुने भएकाले यो पेसालाई निरन्तरता दिएको हुँ', उनले भने ।
सन्तराजले केही सामान ग्राहकको मागअनुसार बनाउने गरेका छन् । एउटा सिलौटो तथा जाँतो बनाउन एक घण्टादेखि डेढ घण्टासम्म लाग्छ । उनले एउटा सिलौटो चार सय रुपैयाँदेखि ५ सय ५० रुपैयाँसम्ममा बिक्री गर्दै आएका छन् । एक जोर जाँतो एक हजार रुपैयाँ देखि एक हजार तीन सय रपैयाँसम्ममा बिक्री गद आएका छन् । पछिल्लो समय आफ्नो व्यवसाय सङ्कटमा पर्दै गएको उनको भनाइ छ । कुटानी पिसानीका लागि विभिन्न उपकरण बजारमा आएसँगै सन्तराजको पेसा सङ्कटमा परेको हो । रासस

# कृषिमा यान्त्रिकीकरणः खेती गर्न सहज, उत्पादनमा पनि वृद्धि

**सुदूरपश्चिम ।**
घरमा 'पावरटिलर' सहितको कृषियन्त्रको व्यवस्था भएपछि धनगढी उपमहानगरपालिकाका किसान कालुराम चौधरीलाई खेतीको काम गर्न सहज भएको छ ।
यसअघि घरमा पालिएका गोरु र राँगाले खेत खनजोत गर्दै आएका उनी दुई वर्षदेखि पावरटिलरले खनजोत गर्न पाउँदा खुसी छन् । उनले भने,'ट्र्याक्टर, पावरटिलर जस्ता कृषियन्त्रको प्रयोगले खनजोतको काम छिटोछरितो भई काम गर्न निकै सहज भएको छ, घरमा खेतीको कामका लागि गोरु र राँगा पाल्नुपर्ने झन्झट पनि अब हटेको छ ।'
कृषियन्त्रले खनजोत गर्दा बालीहरूको उत्पादन र उत्पादकत्व पनि सन्तोषजनक रहेको उनले बताए । आफ्नो खनजोत गर्ने काम सकेर छरछिमेकीको खेत जोत्ने काम पाउँदा ट्र्याक्टर र पावरटिलरवालाले आम्दानी पनि गरिरहेको कैलाली गोदावरी नगरपालिकाका सुभाष चौधरी बताउँछन् ।
'आफ्नो घरमा रहेको गोबर ग्यासमा प्रयोग गरिने गोबरका लागि मात्रै गोरु र राँगा पाल्नुपर्ने बाध्यता छ',उनले भने,'खेतमा खनजोत गर्नेलगायत सबै काम अब ट्र्याक्टर र पावरटिलरबाट गर्ने गरिएको छ ।' कतिपय किसानले खेतीको काम सकेपछि मालसामान ढुवानीको काममा पनि यी कृषियन्त्रको प्रयोग गर्ने गरेका छन् । धनगढी उपमहानगरपालिका–१३ का ७४ वर्षीय अर्का किसान ललितसिंह राना खेती गर्दा आफूले बाल्यकालमा कठिन परिश्रम गर्नुपरेको बताउँदै उनले भने, 'उतिबेला गोरुको सहायतामा कडा मेहनत गरेर खेती गर्नुपर्दा दुःख झेलेका थियौँ, सबै चीजको सुविधा पुग्दा अहिलेका किसान भाग्यमानी छन् ।'
प्रदेश सरकार र स्थानीय पालिका सरकारले ५० प्रतिशत अनुदानमा किसानलाई पावरटिलरलगायत कृषियन्त्र उपलब्ध गराउँदै आएको छ । कृषियन्त्रको प्रयोग र उन्नत बीउको प्रयोग गर्नेहरू बढेसँगै कृषि उपजको उत्पादन पनि पहिलेको तुलनामा बढेको मात्र नभई कृषियन्त्र प्रयोग गर्दा समयको बचत भई परिश्रम कम लाग्ने गरेको किसानहरूको अनुभव छ ।
उनले भने, 'घरमै राखिएको स्थानीय जातको बीउको प्रयोगले प्रतिबिघा जग्गामा मुस्किलले आठ÷दश क्विन्टल धान फल्थ्यो, राम्रोसँग खनजोत हुने र उन्नत बीउको प्रयोगले २० क्विन्टलसम्म फलेको देखिएको छ ।'
कृषि निर्देशनालयको तथ्याङ्कमा पनि कृषि उपज धान र गहुँको उत्पादकत्व पहिलेको तुलनामा वृद्धि भएको जनाइएको छ । बालीहरूको उत्पादन र उत्पादकत्व वृद्धि भए पनि नेपालमा बर्सेनि ठूलो परिमाणमा खाद्यान्न विदेशवाट आयात भइरहेको तथ्याङ्क छ ।
समय परिवर्तनसँगै पहिलेको भन्दा कृषिकर्म गर्न सहज भइरहे पनि मौसममा पटकपटक देखिने परिवर्तनले निम्त्याउने समस्याबाट भने कृषिक्षेत्र प्रभावित भइरहेको किसानको अनुभव छ । कृषक सुभाषले भने, 'गाउँभरिका पाँच/छ घरबाहेक सबैका घरमा पावरटिलर छ, पावरटिलर नभएको घरमा ट्र्याक्टर, धान तथा गहुँ झार्ने (थ्रेसिङ) गर्ने मेसिन छ, सबैले यी कृषियन्त्र नै प्रयोग गर्छन्, हलो जोतेर खेती गर्ने समय अब हराउँदैछ ।'
बर्सेनि मौसममा आउने परिवर्तनका कारण भने आफ्नो बाली जोगाउन हैरानी खेप्नुपरेको किसानको भनाइ छ ।
ललितले भने, 'मौसमको समस्या भने अहिलेको जस्तो उहिले थिएन, उतिबेलाको समयमा हिँउदेयाममा अहिलेको जस्तो शीतलहर र गर्मीयाममा डुबान र खडेरीको समस्या थिएन ।'खेती गर्दा चाहिएको बेला रासायनिक मल नपाउने किसानको अर्को समस्या पनि छ । मुख्य खाद्यान्न बालीका रूपमा किसानले धान र गहुँ बालीको खेती गर्दै आएका छन् ।
कृषि उपजको उत्पादन गरेर हुने आम्दानीबाट किसानले जीविका चलाउने गरेका छन् । आफूलाई वर्षभरि आवश्यक पर्ने कृषिउपज कृषकले घरमै भण्डारण गरी बढी भएको धान व्यापारीलाई बिक्री गरेर घर खर्चको आवश्यकता पूरा गर्दै आएका छन् ।
सुदूरपश्चिम प्रदेश सरकारले 'कृषिमा आत्मनिर्भर सुदूरपश्चिम प्रदेश सरकारको अभियान' भन्ने नारासहित चालु वर्षको बजेटमा कृषि क्षेत्रको विकासलाई मुख्य प्रथमिकता दिएको छ ।
कृषिको उत्पादन लागत घटाई आम कृषकको आम्दानी वृद्धि गर्नमा टेवा पु¥याउन कृषकलाई कृषि ऋणको व्याज र विद्युत् महसुलमा सहुलियतको व्यवस्था पनि गरेको छ । रासस

# पाटन प्रिमियर लिग शुरूः मन्त्री भण्डारीद्वारा उद्घाटन



**बैतडी ।**
बैतडीको पाटनमा विहीबारदेखि चौथो संस्करणको पाटन प्रिमियर लिग क्रिकेट प्रतियोगिता शुरू भएको छ । प्रतियोगिताको उद्घाटन गर्दै उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीले खेलका माध्यमबाट देश चिनिएको बताए ।
मन्त्री भण्डारीले भने, 'खेलका माध्यमबाट नेपाल विश्वभरि चिनिएको छ । सरकारले पनि खेलकुद क्षेत्रलाई प्राथमिकतामा राखेको छ । खेलमैदान बनाउन सरकार सक्रिय छ ।' बैतडीबाट पनि थुप्रै खेलाडी उत्पादन भएको र यस प्रतियोगिताले पनि खेलाडी उत्पादनमा थप मद्दत गर्ने उनले विश्वास व्यक्त गरे ।
यसका साथै मन्त्री भण्डारीले राष्ट्रिय दायित्व पूरा गर्न मूलधारका दुई ठूला पार्टी मिलेका बताए । उनले भने, 'राष्ट्रिय दायित्व पूरा गर्न मूलधारका दुई ठूला पार्टी मिलेर सरकार बनाएका हौँ । बन्द भएका उद्योग र संस्थान सञ्चालन गर्छाैं । निरासालाई आशा र भरोसाका बदल्न सरकार लागेको छ ।'
पाटन क्रिकेट क्लबको आयोजनामा पाटन नगरपालिका–६ स्थित श्रीकृष्ण माविको खेलमैदानमा सञ्चालन भइरहेको प्रतियोगितामा १७ टोलीको सहभागिता रहेको छ ।
प्रतियोगिताको प्रथम पुरस्कार एक लाख २३ हजार चार सय ५६ नगदसहित ट्रफी, मेडल र प्रमाणपत्र रहेको छ । द्वितीय पुरस्कारमा ५६ हजार सात सय ८९ नगदसहित ट्रफी, मेडल र प्रमाणपत्र प्रदान गरिने क्रिकेट क्लबले जनाएको छ ।
यसैगरी म्यान अफ द सिरजबापत रु १२ हजार तीन सय ४५ नगदसहित ट्रफी, मेडल, र प्रमाणपत्र प्रदान गरिनेछ । बेस्ट बलर र ब्याट्सम्यानलाई पनि समान छ हजार सात सय ८९ नगदसहित ट्रफी, मेडल र प्रमाणपत्र प्रदान गरिने छ ।
यसअघि पहिलो संस्करणको पाटन प्रिमियर लिग (पिपिएल) क्रिकेटको उपाधि कैलपाल क्रिकेट क्लब जर्ग, दोस्रो भीमदत्त बहुप्राविधिक शिक्षालय (बिडिपिआइ) र तेस्रो मेलौली नगरपालिकाले हात पारेको थियो । रासस

# इजरायलले पुनः आक्रमण गरेमा 'निर्णायक' जवाफ दिने इरानको भनाइ

**तेहरान ।**
इरानका शीर्ष कूटनीतिज्ञले संयुक्त राष्ट्रसङ्घका प्रमुख एन्टोनियो गुटेर्रेससमक्ष इजरायलको मिसाइल आक्रमणको बदलामा तेहरान 'निर्णायक र खेदजनक' प्रतिक्रियाका लागि तयार रहेको जनाउदै राष्ट्रसङ्घलाई कारबाही गर्ने आग्रह गरेको छ ।
इरानले आफ्ना नजिकका सहयोगी हमासका नेता इस्माइल हानियाह, हिजबुल्लाह नेता हसन नसरल्लाह र एक इरानी जनरलको हत्याको बदला लिन अक्टोबर १ मा इजरायलमा करिब २०० वटा क्षेप्यास्त्र प्रहार गरेको थियो ।
इजरायली रक्षामन्त्री योव ग्यालान्टले गत हप्ता आफ्नो देशको प्रतिशोधात्मक



उपाय 'घातक, सटीक र आश्चर्यजनक' हुने बताएका थिए ।
इरानका विदेश मन्त्री अब्बास अरागचीले गुटेर्रेससँगको फोन वार्तामा इरानले यस क्षेत्रको शान्ति र सुरक्षाको लागि सबै प्रयास गरिरहेको जनाउदै इजरायलको कुनै पनि कार्यको निर्णायक र खेदजनक प्रतिक्रियाका लागि पूर्ण रूपमा तयार रहेको बताएका छन् ।
अरागचीले राष्ट्र सङ्घलाई 'इजरायली शासनको अपराध र आक्रामकता रोक्न र लेबनान र गाजामा मानवीय सहायता पठाउन' आफ्ना स्रोतहरू प्रयोग गर्नसमेत अपील गरेका छन् । पछिल्लो समयमा इरानी विदेशमन्त्रीले तनाव कम गर्ने प्रयासमा लेबनान, सिरिया, साउदी अरब, कतार, इराक र ओमानको भ्रमण गरेका छन् ।
इरानी विदेश मन्त्रालयका प्रवक्ता इस्माइल बाघाईले सामाजिक सञ्जाल एक्समा यो घटनाक्रम इजरायल,इरान र हमासबीचको युद्धको पृष्ठभूमिमा आएको र एक वर्षभन्दा लामो समयदेखि उग्र हुँदै लेबनानसम्म विस्तार भएको जनाएका छन् । रासस

# '१२ देशका २० लाख बालबालिकामा कुपोषणको गम्भीर समस्या'

**अमेरिका ।**
विश्वका विभिन्न मुलुकका २० लाख बालबालिका कोषको अभावका कारण गम्भीर कुपोषणको जोखिममा रहेको युनिसेफले जनाएको छ ।
युनिसेफका अनुसार पाकिस्तानसहित १२ देशमा जीवन रक्षाका लागि कोषको अभावका कारण बालबालिकाले मृत्युको उच्च जोखिमको सामना गरिरहेका छन् । सन् २०२५ को मध्यसम्ममा प्रभावित देशको खाद्यान्न समाप्त हुन सक्ने चेतावनीसमेत युनिसेफले दिएको छ ।
तयारी अवस्थामा रहेको खानाका लागि कोषको अभावले प्रभावित देशमा बालबालिका उपचारको जोखिममा परेको अनुमान गरिएको छ । माली, नाइजेरिया, नाइजर र चाड लगायतका देशले यसअघि नै तयारी अवस्थामा रहेको खानाका लागि भण्डारण सकिएको बताएका छन् । क्यामरुन, पाकिस्तान, सुडान, मेडागास्कर, दक्षिण सुडान, केन्या, कङ्गो लोकतान्त्रिक गणतन्त्र र युगान्डामा सन् २०२५ को मध्यसम्ममा स्टक समाप्त हुन सक्ने युनिसेफले जनाएको छ ।
आर्थिक मन्दी र जलवायु परिवर्तनका कारण धेरै देशहरूमा पाँच वर्ष मुनिका बालबालिकामा गम्भीर कुपोषणको समस्या बढेको छ । युनिसेफका अनुसार पौष्टिक र सुरक्षित खानाको अभाव र बारम्बार रोगको कारणले हुने खतराबाट पीडित बच्चामा दुब्लो पातलो र प्रतिरक्षा प्रणाली कमजोर हुनाले वृद्धिमा कमी हुनुका साथै मृत्युको जोखिम हुने गर्छ ।
युनिसेफका बाल पोषण तथा विकास निर्देशक भिक्टर एगुयोले गम्भीर कुपोषणविरुद्ध सङ्घर्ष गरिरहेका करिब २० लाख बालबालिकाको ज्यान बचाउन तत्काल कदम चाल्न आह्वान गरेका छन् । विगत दुई वर्षमा विश्वव्यापी द्वन्द्व, जलवायु र आर्थिकमन्दीको परिणामस्वरूप मातृ तथा बाल पोषणबाट प्रभावित देशहरूमा बाल कुपोषण र यससँग सम्बन्धित मृत्यु दरलाई नियन्त्रण गर्न पोषण कार्यक्रमको मापनलाई अनुमति दिएको एगुयोले बताएका हुन् ।
यस मुद्दालाई सम्बोधन गरी बालबालिकाको ज्यान बचाउन आहार, उपचार र हेरचाह कोषका लागि नविकरण गरिएको युनिसेफले जनाएको छ ।'
नो टाइम टु वेस्ट २०२४ अपडेट एन्ड कल टु अर्जेन्ट एक्सन' मा १६ करोड ५० लाख अमेरिकी डलर सहयोगको आह्वान गरिएको छ ।
यसअघि पनि सन् २०२२ मा युनिसेफले १५ वटा प्रभावित देशमा करिब ८० लाख बालबालिकामा कुपोषणलाई सम्बोधन गर्ने उद्देश्यले 'नो टाइम टु वेस्ट एक्सेलेरेसन प्लान' सुरु गरेको थियो । रासस

# भारत र क्यानडाबीचको सम्बन्धमा तनाव

*भारत र क्यानडाबीच तनाव उत्कर्षमा पुगेको छ । कूटनीतिक सम्बन्ध निकै चिसो बनेको छ । यतिबेला दुई देशबीचको सम्बन्ध सबैभन्दा खराब अवस्थाबाट गुज्रिरहेको छ । यी दुईबीचको सम्बन्ध सामान्य बन्ने सम्भावना कम देखिन्छ । यसपटक मामिला यस्तो अवस्थामा पुगेको छ कि दुवै देशले एकअर्काका कूटनीतिज्ञलाई निष्कासन गरेका छन् । तर, भारतले आफ्नो कूटनीतिज्ञ बोलाएको दाबी गरेको छ ।*



**मधेशदृष्टि**

**वीरगंज ।**

**सम्बन्ध बिग्रिनुको कारण**

यो प्रकरण सन् २०२३ को जुनमा क्यानेडियन नागरिक तथा खालिस्तान समर्थक हरदीप सिंह निज्जरको हत्याको घटनापछि सुरु भएको थियो । क्यानडामा भारतीय एजेन्टले निज्जरको हत्या गरेको आरोप क्यानडाले लगाएको थियो । भारतले यी आरोपलाई निरन्तर अस्वीकार गर्दै आएको छ । तर क्यानडाका प्रधानमन्त्री जस्टिन ट्रुडोले फेरि यो मुद्दा उठाएका छन् । तर प्रश्न उठ्छ कि क्यानडामा के भइरहेको छ जसका कारण क्यानडा र भारतबीचको सम्बन्ध यो तहमा पुगेको छ ।

**क्यानडामा ट्रुडोको राजनीतिक स्थिति**

यसै वर्षको अगस्टमा प्रधानमन्त्री जस्टिन ट्रुडोको एउटा भिडियो भाइरल भएको थियो । उनले केही स्टील कारखानामा कामदारहरूलाई भेटिरहेका थिए र एक कामदारले उनीसँग हात मिलाउन अस्वीकार गरे । जागिर भए पनि बाँच्नको लागि संघर्ष गरिरहेको मजदुरले उनलाई बताए । जवाफमा, ट्रुडोले आफ्नो लिबरल सरकारले कामदार परिवारहरूलाई मद्दत गर्न गरेका चीजहरूको पूर्ण सूची दिए । तर यस पछि पनि, कार्यकर्ताले ट्रुडोलाई भने, 'तपाईंले भन्नु भएको कुनै पनि कुरामा मलाई विश्वास छैन र लाग्छ कि तपाईं यहाँ एक वर्षको लागि मात्र हुनुहुन्छ ।'

यो क्लिप इन्टरनेटमा लाखौं पटक हेरिएको छ र टोरन्टो ग्लोब र मेलले यसलाई क्यानाडाको राजनीतिमा क्षणको उत्तम लघुचित्र भन्यो, यो आजको अवस्थाको सानो तर सही प्रतिनिधित्व हो ।

जब ट्रुडो क्यानडाको प्रधानमन्त्री भए, सुरुका केही वर्षमा उनी प्रतिक जस्तै देखिन्थे । धेरै ठूला म्यागजिनले उनको कभर पेजमा छापेका थिए । तर प्रधानमन्त्रीको कार्यकालको नवौं वर्षमा उनको अनुमोदन रेटिङ ३३ प्रतिशत पुगेको छ । उनका विपक्षी नेता पियरे पोइलिभ्रा अनुमोदन रेटिङमा अगाडि छन् ।

यति मात्र होइन, भर्खरै क्यानडामा उपनिर्वाचन भएको थियो र विपक्षी दलले ३० वर्षदेखि ट्रुडोको पार्टीको कब्जामा रहेको टोरन्टो सिट जितेको थियो । उनको गढ मानिने मोन्ट्रियलमा पनि उनको पार्टीको पराजय उनको लागि ठूलो धक्का हो ।

खलिस्तान समर्थक जगमीत सिंहको नेतृत्वमा रहेको न्यू डेमोक्र्याटिक पार्टीले मोन्ट्रियलमा पराजय हुनुअघि नै आफ्नो समर्थन फिर्ता लिएपछि ट्रुडोको समस्या झनै बढ्यो । ट्रुडो अल्पमतको सरकार चलाइरहेका छन् र दुई पटक अविश्वासको प्रस्तावबाट भागेका छन्, तर यो उनको राजनीतिको लागि संकटको समय हो भनेर कसैले इन्कार गर्न सक्दैन् । उनको राजीनामाको माग आफ्नै पार्टीमा पनि बढ्दै गएको छ ।

कोविड पछि, क्यानाडाका नागरिकहरूमा असन्तुष्टि छ । घर किन्नु झन् महँगो हुँदै गइरहेको छ, आधारभूत सामानको मूल्य आकाश छोएको छ, अपराध बढ्दै गएको छ र क्यानडाको स्वास्थ्य सेवा प्रणाली खस्कँदै गइरहेको छ । यद्यपि, यी धेरै मुद्दाहरू क्यानाडाको केन्द्रीय सरकारको जिम्मेवारी होइनन्, जस्तै स्वास्थ्य हेरचाह, जुन क्यानाडाका प्रान्तहरूको अधिकार क्षेत्र अन्तर्गत पर्दछ । यी सबैलाई हेर्दा अर्को वर्ष क्यानडामा चुनाव हुने भएकाले ट्रुडोको भारतप्रति यस्तो मनोवृत्ति हुनु अचम्मको कुरा होइन ।

क्यानडामा ७ – ८ लाख सिखहरू बस्छन् । यो क्यानडाको चौथो ठूलो जातीय समूह हो र क्यानाडाली नेताहरूको लागि राजनीतिक रूपमा पनि महत्त्वपूर्ण छ ।

**क्यानडामा सिख समुदाय**

क्यानडाको जनगणना अनुसार सिख समुदाय १–२ प्रतिशत मात्रै छ तर उनीहरुमा धेरै शक्ति छ । तिनीहरूसँग जमीनमा संगठन छ, चन्दा सङ्कलन गर्ने सीप । क्यानाडाको आम निर्वाचनमा ३३८ सिटका लागि चुनाव हुँदैछ । बहुमतका लागि १७० सिट आवश्यक छ । २०२१ को आम चुनावमा ट्रुडोको लिबरल पार्टीले १५७ सिट जित्यो र कन्जरभेटिभ पार्टीले १२१ सिट जित्यो । जगमीत सिंहको न्यू डेमोक्रेटिक पार्टीले २४ सिट जित्न सफल भएको छ । उनले ट्रुडोलाई समर्थन गरे र ट्रुडोले सरकार बनाए । करिब २३–२४ सिटमा सिख समुदायको प्रभाव छ र यी सिटहरू महत्त्वपूर्ण छन् भन्ने गत चुनावबाट स्पष्ट हुन्छ । २०१५ मा, जब ट्रुडो प्रधानमन्त्री भए, त्यो चुनावमा १७ जना सिखहरू सांसद भए । त्यसबेला ट्रुडोले एक कार्यक्रममा आफ्नो मन्त्रीमण्डलमा नरेन्द्र मोदीभन्दा धेरै सिख रहेको बयान दिएका थिए । तर, त्यसयता कैयौँ यस्ता घटनाहरू भएका छन् जसले भारत र क्यानडाबीच तनावपूर्ण अवस्था सिर्जना गर्न थाल्यो । उदाहरणका लागि, सन् २०१७ मा ट्रुडो भारत आएपछि क्यानाडाली दूतावासले जसपाल अटवाललाई उनीसँग डिनरको निम्तो दिएको थियो । अटवाललाई सन् १९८६ मा एक भारतीय क्याबिनेट मन्त्रीको हत्या प्रयास गरेको अभियोगमा दोषी ठहर गरिएको थियो ।

यो निमन्त्रणा पछि रद्द भए पनि भारतको आक्रोश बढ्यो । त्यसपछि २०२३ मा नयाँ दिल्लीमा भएको जी–२० शखर सम्मेलनमा प्रधानमन्त्री मोदीले क्यानडामा चरमपन्थी तत्वहरूको भारत विरोधी गतिविधि जारी रहेकोमा चिन्ता व्यक्त गरेका थिए । यसपछि हरदीप निज्जरको हत्यापछि जस्टिन ट्रुडोले आफ्नो संसदमा निज्जरको हत्यामा भारतीय एजेन्टको संलग्नता रहेको आरोप लगाएका थिए ।

भारतले ट्रुडोको आरोपलाई बेतुका भन्दै अस्वीकार गरेको थियो र क्यानडाले खालिस्तान समर्थक सिखहरूको केन्द्र बनेकोमा चिन्ता व्यक्त गरेको थियो । र अहिले यो कुरा यहाँसम्म आइपुगेको छ । अर्को क्यानाडाको चुनावसम्म ट्रुडोले यो सम्पूर्ण विवादलाई कसरी सम्बोधन गर्न सक्षम हुनेछन् भनेर हेर्न रोचक हुनेछ ।

गत वर्ष जुनमा क्यानाडाली नागरिक हरदीप सिंह निज्जरको हत्यापछि जस्टिन ट्रुडोले भारततर्फ औंला उठाएका थिए । भारतले ती आरोपलाई ठाडै अस्वीकार गरेको थियो । त्यसपछि दुवै देशले एकअर्काका कूटनीतिज्ञलाई देश छाड्न भनेका थिए । यसपछि दुई देशबीच कडा भाषामा आरोपप्रत्यारोप भएको थियो । यतिबेला दुई देशबीचको सम्बन्ध सबैभन्दा खराब अवस्थाबाट गुज्रिरहेको छ । यी दुईबीचको सम्बन्ध सामान्य बन्ने सम्भावना कम देखिन्छ । भारतमा केही क्यानाडाली सिखहरूले भारतभित्र छुट्टै सिख राज्य निर्माण गर्ने उद्देश्यले हिंसात्मक खालिस्तानी आन्दोलनलाई बढावा दिइरहेका छन् भन्ने विश्वास छ । यो विवादको महत्वपूर्ण बिन्दु हो ।

झण्डै ४० वर्ष पहिले, पञ्जाबमा हिंसाको सबैभन्दा खराब अवधिमा, भारतीय सेनाले विवादास्पद रूपमा अमृतसरको गोल्डेन टेम्पलमा आक्रमण गर्‍यो र त्यसपछि अक्टोबर १९८४ मा दुई सिख अंगरक्षकहरूले प्रधानमन्त्री इन्दिरा गान्धीको हत्या गरे । यस पृष्ठभूमिमा भारतले क्यानडासँग केही व्यक्तिहरू विरुद्ध कारबाही गर्न माग गर्दै आएको छ जसलाई भारतले खालिस्तानी समर्थक भएको आरोप लगाउँदै आएको छ । क्यानडाले अहिलेसम्म भारतको यस्तो अनुरोधलाई बेवास्ता गरेको छ । भारतले हरदीप सिंह निज्जरलाई 'खलिस्तानी आतंकवादी' भन्दै आएको छ । तर क्यानडाले अभिव्यक्ति स्वतन्त्रता र व्यक्तिगत स्वतन्त्रताको समर्थक भएको र क्यानडाले कसैलाई आफ्नो विचार व्यक्त गर्नबाट रोक्न नसक्ने बताएको छ । भारतले सार्वजनिक रूपमा क्यानडाका प्रधानमन्त्री जस्टिन ट्रुडोले त्यहाँ 'सिख भोट बैंक'लाई झजाउने गरेको र त्यसैकारण उनको सरकारले खालिस्तानी समर्थकहरू विरुद्ध कारबाहीको लागि भारतको मागलाई बेवास्ता गरिरहेको बताएको छ ।



भारत र क्यानडाबीचको लगातार बिग्रँदै गएको सम्बन्धमा देखिएको खट्टापन अचम्मको छ । सोभियत संघको विघटनपछि भारतको कुनै पनि पश्चिमी देशसँगको सम्बन्ध त्यति खराब भएको छैन । शीतयुद्धपछि भारतले अमेरिकाको नेतृत्वमा रहेको पश्चिमी देशहरूसँगको सम्बन्धमा सुधार गरेको छ र विस्तारै पूर्ण बजार अर्थतन्त्र बन्ने दिशामा अघि बढिरहेको छ । भारतले जि– ७ र नाटो देशहरूसँग आर्थिक, व्यापार र राजनीतिक सम्बन्ध सुधार गर्ने प्रयास गरेको छ । क्यानाडा यी दुवै समूहहरूमा सहभागी छ र संयुक्त राज्य अमेरिकासँग धेरै नजिकको सैन्य सम्बन्ध छ, उत्तर अमेरिकी एयरोस्पेस रक्षा कमाण्ड, वा नोराड मार्फत प्रतिबिम्बित छ । दुवै देशको अर्थतन्त्र पनि एकअर्कासँग घनिष्ट रूपमा जोडिएको छ । यो चाखलाग्दो छ कि अमेरिकाको नजिकको सहयोगी भारतसँगको सम्बन्ध यति नराम्रो अवस्थामा पुगेको छ । भारत आफैंले विगत तीन दशकदेखि अमेरिकासँग आर्थिक र रणनीतिक दिशामा राम्रो सम्बन्ध बनाउने प्रयास गरिरहेको छ ।

दुई देशबीच बिग्रँदै गएको सम्बन्धको बीचमा भारतले सोमबार क्यानडाका लागि आफ्नो उच्चायुक्त सञ्जय कुमार वर्मा र केही अन्य कूटनीतिज्ञहरूलाई फिर्ता बोलाएको बताएको छ ।

तर क्यानडाले भने कि वास्तवमा उसले सञ्जय कुमार वर्मा सहित छ जना भारतीय कूटनीतिज्ञ र कन्सुलर अधिकारीहरूलाई निष्कासन गरेको छ किनभने भारतले उनीहरूलाई दिइएको कूटनीतिक र कन्सुलर उन्मुक्ति हटाउन र अनुसन्धानमा क्यानडालाई सहयोग गर्न अस्वीकार गरेको थियो ।

भारतीय कूटनीतिज्ञ र अधिकारीहरूलाई निष्कासन गरेपछि नयाँ दिल्लीले ६ क्यानाडाली कूटनीतिज्ञहरूलाई निष्कासन गरेको घोषणा गरेको छ । कार्यवाहक उच्चायुक्त स्टुअर्ट रस ह्वीलर पनि उनीहरुमा परेका थिए । निज्जर हत्या प्रकरणमा क्यानडाले भारतीय कूटनीतिज्ञ र अन्य उच्चायोगका अधिकारीलाई 'पर्सन्स अफ इन्ट्रेस्ट' (रुचिको व्यक्ति) घोषणा गरेपछि एकअर्काका कूटनीतिज्ञलाई निष्कासन गर्ने निर्णय भएको हो ।

क्यानाडामा, 'रुचिको व्यक्ति' त्यो व्यक्ति हो जसलाई अनुसन्धानकर्ताहरूले अपराधको बारेमा महत्त्वपूर्ण जानकारी भएको विश्वास गर्छन् । निज्जरको हत्या पछि, प्रधानमन्त्री जस्टिन ट्रूडोले देशको संसदमा बयान दिएका थिए कि क्यानडासँग यस अपराधमा भारतीय अधिकारीहरूको संलग्नताको 'ठोस प्रमाण' छ । भारतले यो दाबीलाई ठाडै अस्वीकार गर्दै क्यानडासँग प्रमाण मागेको छ । सोमबार क्यानडाका उच्चायुक्तलाई देशबाट निष्कासन गरेको घोषणा गरेपछि भारतको परराष्ट्र मन्त्रालयले आफ्नो विज्ञप्तिमा ट्रुडो सरकारले भारतीय अधिकारीहरू विरुद्ध लगाएको आरोपलाई समर्थन गर्न भारतलाई 'प्रमाणको टुक्रा पनि' नदेखाएको बताएको थियो । विदेश मन्त्रालयले पनि क्यानडाको बारेमा भनेको थियो कि उसले 'राजनीतिक लाभका लागि भारतलाई बदनाम गरिरहेको छ' ।

चाखलाग्दो कुरा के छ भने, क्यानडाका कार्यवाहक उच्चायुक्त, जो अहिले बर्खास्त भइसकेका छन्, यसबारे प्रतिक्रिया दिए । उनले क्यानडाले भारत सरकारका सबै माग पूरा गरेको र निज्जर हत्या प्रकरणमा भारतीय एजेन्ट र उनीहरुको सम्बन्ध रहेको प्रमाण भारत सरकारलाई दिएको बताए । उनले अब भारतले अर्को कदम चाल्ने बताए । यसै वर्षको जुनमा इटालीमा प्रधानमन्त्री ट्रुडो र प्रधानमन्त्री मोदीबीच जी–७ को बैठकमा द्विपक्षीय भेटवार्ता भएको थियो । गत शुक्रबार आसियान शिखर सम्मेलनको छेउमा पनि दुई नेताबीच भेट भएको थियो तर यसले सम्बन्ध यो तहमा पुग्छ भन्ने अलिकति पनि संकेत दिएको छैन ।

**दुई देशबीचको सम्बन्धमा सुधार होला ?**

प्रधानमन्त्री जस्टिन ट्रुडोले सोमबार राजधानी ओटावामा पत्रकार सम्मेलन गरे । यो स्पष्ट छ कि क्यानाडा यो मुद्दालाई अहिलेको लागि तातो राख्न चाहन्छ । र, यो समस्या समाधानका लागि भारत पनि कुनै गम्भीर कूटनीति अपनाउन इच्छुक देखिँदैन । भारतमा सन् २०२५ को अक्टोबरमा क्यानडामा हुने आम चुनावमा ट्रुडो पराजित हुने र दुई देशबीचको सम्बन्धमा नयाँ सुरुवात गर्ने अवसर हुने धारणा रहेको छ । तर क्यानडाको संसदमा भारतमाथि लगाइएका आरोपलाई हटाउन सहज भने हुने छैन । चाखलाग्दो कुरा के छ भने, यो सम्पूर्ण गडबडीमा अमेरिकी कोण छ । सेप्टेम्बर २०२३ मा क्यानडाका प्रधानमन्त्रीले भारतलाई आरोप लगाएका थिए । त्यसको केही सातापछि अमेरिकी संघीय अदालतले अमेरिकी नागरिक गुरपतवन्त सिंह पन्नुको हत्याको षड्यन्त्रमा भारतीय नागरिक निखिल गुप्ताको नाम दिएको थियो । पन्नु खालिस्तानको वकालत गर्ने अमेरिकी वकिल हुन् । बिबिसी हिन्दीको सहयोगमा

# जनसंख्याको आधारमा बजेट माग

**मधेशदृष्टि**
**रौतहट ।**
नेपाली कांग्रेसका मधेश प्रदेश सभापति एवम् पूर्वमन्त्री कृष्ण प्रसाद यादवले संघीय सरकारसँग जनसंख्याको आधारमा मधेश प्रदेशका लागि बजेट उपलब्ध गराउन माग गरेका छन् ।

मुलुकको सात वटा प्रदेशमध्ये सबैभन्दा बढी जनसंख्या मधेश प्रदेशमा रहेपनि संघीय सरकारले मधेश प्रदेशलाई सदैव उपेक्षा गर्दै आएको सभापति यादवको आरोप छ ।

रौतहटको माधव नारायण नगरपालिका–४ मानपुर विशुनपूर्वामा आयोजित शुभकामना आदानप्रदान कार्यक्रमलाई सम्बोधन गर्दै सभापति यादवले संघ सरकारले मधेशलाई बेवास्ता गरेको गुनासो गरे । मधेश प्रदेश सभा सदसय समेत रहेका यादवले देशको आधा भन्दा बढी जनसंख्या मधेशमा बसोबास गर्दा पनि सरकारले मात्र ११ अर्ब बजेट दिने गरेको बताए ।

यसैगरी उनले सिङ्गो प्रदेश विकाशमा पछाडि पर्नुको जिम्मारी मधेशवादी दलहरूले लिनुपर्ने पनि धारण व्यक्त गरे । कांग्रेसको नेतृत्वमा मधेशमा सरकार नबनेसम्म प्रदेश समृद्ध र विकसित नहुने उनले दाबी गरे ।

# सद्भावनाको अध्यक्ष रहेको मिकरानीको दाबी




**मधेशदृष्टि**
**जनकपुरधाम ।**
नेपाल सद्भावना पार्टीका वरिष्ठ नेता मोहम्मद सहजाद मियाँ मिकरानीले आफू नै पार्टीको कामचलाउ अध्यक्षको भूमिकामा रहेको दाबी गरेका छन् । बुधबार जनकपुरधाममा पत्रकार सम्मेलनको आयोजना गरी मियाँले पार्टी अध्यक्षबाट राजीनामा गरिसकेका रामकुमार महतो अब भने पार्टीको आधिकारिक व्यक्ति नरहेको दाबी गरेका हुन् । उनले महतोको रबैयाका कारण आज नेपाल सद्भावना पार्टी आफ्नो इतिहासको संकटको घडीमा रहेको बताएका छन् । पार्टीको सातांै राष्ट्रिय महाधिवेशन यहि मंसिर १, २ र ३ गते वीरगंजमा हुन गइरहेको जानकारी दिँदै उनले पार्टीका तत्कालिन अध्यक्ष रामकुमार महतोकी श्रीमति कविता कुमारी निजामति कर्मचारीमा जागिरे भएको कारण पार्टीबाट दिएको राजीनामा गत बैशाख २२ गतेको बैठकबाट स्वीकृत भइसकेको बताए ।

महतो यस भन्दापूर्व नै उन्मुक्ती पार्टीमा प्रवेश गरी पार्टी परित्याग गरिसकेको अवस्थामा पार्टीको एकमात्र पदाधिकारी वरिष्ठ नेताको हैसियताले आफ्नो अध्यक्षतामा १६ सदस्यीय राष्ट्रीय कार्य समितिको बैठक बसी पार्टीको महाधिवेशन वीरगंजमा सम्पन्न गराउने निर्णय गत असार १४ मा गरिएको बताए । सोही बैठकले पूर्वमन्त्री रामचन्द्र प्रसाद कुशवाहाको संयोजकत्वमा १६ सदस्यीय राष्ट्रिय कार्य समितिलाई विस्तार गरी ५९ सदस्यीय महाधिवेशन आयोजक समिति नै हाल पार्टीको आधिकारिक समिति रहेको उनको दाबी छ ।

उनले भने, 'अध्यक्षले राजीनामा गरिसकेको अवस्थामा तत्कालिन १६ सदस्यीय राष्ट्रिय कार्यसमितिले कार्यवाहक अध्यक्ष नतोकेपनि हालसम्म मैले नै कामचलाउ अध्यक्षको भूमिकामा बैठकहरुको अध्यक्षता गरिरहेको थिए । एक्कासी असोज १० गतेका दिन कविता कुमारीको अध्यक्षतामा बैठक बसी निर्णय संसोधन, उपनिर्वाचनको लागि दल दर्ता, महाधिवेशनको ठाउँ परिवर्तन, उम्मेदवारको लागि अख्तियारी प्रदान गर्ने जस्ता निर्णयहरु उपर निर्वाचन आयोगमा मेरो निवेदनका आधारमा उनी आधिकारीक अध्यक्ष नरहेको भनी सम्पूर्ण निर्णयहरू अमान्य गरिएको थियो ।'

उनले यस्तो अवस्थामा पार्टी परित्याग गरिसकेका रामकुमार महतोले कार्यकारी अध्यक्षको हैसियतले जिल्ला जिल्लामा संयोजक तोकी भ्रम फैलाइरहेको आरोपसमेत लगाए । पार्टी अध्यक्षबाट राजीनामा गरिसकेको व्यक्ति र पार्टी परित्याग गरिसकेका व्यक्तिहरु कहिले बैठकको अध्यक्षता गर्ने, कहिले आर्थिक सहयोगका लागि चिट्ठी लेख्ने जस्ता कार्य गरी महाधिवेशन भाँडने काम गरिरहेको उनको आरोप छ । पार्टीमै नरहेका व्यक्तिहरु नभएको पद र ओहोदाको प्रयोग गरि ठगीधन्धा चलाइरहेको बताउँदै मिकरानीले पार्टी यस विषयमा कानूनी कारवाही गर्न पछि नपर्ने चेतावनीसमेत दिएका छन् ।




# ओली सरकारको १०० दिन पूर्ण असफलः साह

"नेपालको सम्पत्ति लुटेर दिन दहाडै विदेश लगिँदैछ । भ्रष्टाचारको काण्डै काण्डले देश बरबाद हुँदैछ । मुलुकको आर्थिक अवस्था संकटमा छ । सरकारी निकायले भ्रष्टाचारीको अगाडी निरीह छ, केही गर्न सकिरहेको छैन । भ्रष्टाचारीलाई राज्यकै संरक्षण छ' आजपा अध्यक्ष साहले भने, 'यस्तो अवस्थामा हामी चुप लागेर बस्न मिल्दैन ।

**मधेशदृष्टि**
**कलैया ।**
आम जनता पार्टी (आजपा)का अध्यक्ष एवम् पूर्वमन्त्री प्रभु साहले प्रधानमन्त्री केपी शर्मा ओलीको १०० दिने काम पूर्ण रुपमा असफल, भ्रष्टाचारीलाई संरक्षण र लुटने काम मात्रै भएको बताएका छन् । भ्रष्टाचार नियन्त्रण राज्यको पहुँचभन्दा बाहिर गएको बताउँदै उनले भ्रष्टाचारी, लुटेरा र अनियमितता गर्नेहरु नै शासन व्यवस्था सञ्चालन गरिरहेको गम्भिर आरोप लगाए । उनले राज्यले नै भ्रष्टाचारीलाई संरक्षण दिएको बताए ।




बडादशैं, शुभ दिपावली एवम् छठ पर्वको अवसरमा बाराको कलैया स्थित गंगापुरमा बुधबार आयोजित शुभकामना अदानप्रदान एवम् भेटघाट कार्यक्रममा सहभागी आजपा अध्यक्ष साहले देशलाई जोगाउनका लागि भ्रष्टाचारीलाई जहाँ देख्यो त्यही जनकारबाही गर्नुपर्ने बताए । मुलुकमा दिनदिनै भ्रष्टाचार संस्थागत हुँदै गएकोले मुलुक समृद्ध हुन नसकेको उनले दाबी गरे ।

सरकारको मुख्य नेतृत्व नै भ्रष्टाचारमा लागेकोले कुनै पनि सरकारी निकायबाट भ्रष्टाचारीलाई कारबाहीको अपेक्षा गर्नु भनेको 'गोरुबाट दूध पाउने कल्पना गरे जस्तै हो' भएको टिप्पणी उनको छ । 'देशमा भ्रष्टाचार बढ्दै गएका कारण मुलुकमा विकास रोकिएको यथार्थ हामी सामु छ । नेपालको सम्पत्ति लुटेर दिन दहाडै विदेश लगिँदैछ । भ्रष्टाचारको काण्डै काण्डले देश बरबाद हुँदैछ । मुलुकको आर्थिक अवस्था संकटमा छ । सरकारी निकायले भ्रष्टाचारीको अगाडी निरीह छ, केही गर्न सकिरहेको छैन । भ्रष्टाचारीलाई राज्यकै संरक्षण छ' आजपा अध्यक्ष साहले भने, 'यस्तो अवस्थामा हामी चुप लागेर बस्न मिल्दैन । हामीले मुलुकलाई समृद्ध बनाउन, सुशासन कायम गर्नका लागि भ्रष्टाचारीलाई जहाँ देख्यो त्यही जनकारबाही गर्न आवश्यक छ ।'

गिरीबन्दु टी–स्टेट देखि लिएर ललिता निवास लगायतका ठाउँमा ठुला भनिएकाहरूकै संलग्नतामा भ्रष्टाचार भएको प्रमाणित भएको छ । तर त्यस्तालाई कारबाही गर्नुको साटो पुरस्कृत गर्ने अवस्थाको अन्त्य आवश्यक रहेको उनले बताए ।

सरकार, अख्तियार दुरुपयोग अनुसन्धानले भ्रष्टाचारीलाई कारबाही गर्न नसकेको बताउँदै साहले अहिले सरकारमै भ्रष्टहरूको बाहुल्यता भएको टिप्पणी गरे । उनले सबै भ्रष्टाचारीहरुलाई कारवाही कहिले हुने भन्दै प्रधानमन्त्री केपी शर्मा ओलीसंग प्रश्न समेत गरेका छन् ।

'अहिले हामी के देखिरहेका छौँ भने सरकारमै भ्रष्टाचारीहरूको बाहुल्यता रहेको छ । त्यही सरकारले सरुवा, बढुवा, नियुक्त गर्ने अख्तियार सहितका निकायले समेत भ्रष्टाचारीलाई कारबाही गर्न सकेको छैन' आजपा अध्यक्ष साहले भने, 'भ्रष्टाचार गर्नेहरूले संरक्षण पाइरहेका छन् । राज्यकै संरक्षणमा देश लुट्ने काम भइरहेको देखिन्छ । भ्रष्टाचार नियन्त्रण गर्ने निकायमा एउटा भ्रष्टाचारीले अर्को भ्रष्टाचारीलाई नियुक्ति गरिरहेको छ । यस्तो अवस्थामा भ्रष्टाचार कसरी नियन्त्रण हुन्छ ?'

विदेश गइरहेका युवालाई नेपालमै रोजगार दिनुको साटो ती सोझासाझा युवाबाट लाखौँ रकम लिएर विदेश पठाउने काम सरकारी निकायबाटै भइरहेको आरोप लगाउँदै उनले स्वदेशमै रोजगारी दिनुपर्ने सरकार देशलाई उजाड बनाइरहेको बताए । राज्यकै संरक्षणमा मन्त्री, ठुला व्यापारीको संलग्नतामा हुन्डी कारोबार मार्फत अर्बौ रकम विदेश गइरहेको बताउँदै उनले त्यस्तो जघन्य अपराध गर्नेलाई सरकारले किन संरक्षण गरेको भन्दै प्रश्न गरे ।

काण्डैकाण्ड, भ्रष्टाचार, अनियमितता, कुशासनले आजित आम जनता यसको बिकल्प खोजिरहेको बताउँदै उनले भ्रष्टचार र भ्रष्टहरुका बिरुद्धमा जनकारवाही र सडक आन्दोलनको बिकल्प नभएको बताए । साथै उनले ऐतिहासिक शहर कलैयाको विकासमा सरकारले ध्यान नदिएको गुनासो गरे । हुलाकी राजमार्ग अन्तरगतको पिलुवा–कलैया–मटिअर्वा सडक अन्तरगतको कलैयामा ३ किलोमिटर सडक कालोपत्रे कहिले हुने भन्दै प्रधानमन्त्रीसँग प्रश्न गरे । यस क्षेत्रबाट प्रदेश र संघमा एमालेकै नेता बिजयी भएको र केन्द्रमा एमालेकैे अध्यक्ष ओली प्रधानमन्त्री भएको तर पनि कलैयाको सडक कालोपत्रे गर्नमा किन ढिलाई भएको भनेर जनता जान्न चाहेको बताए ।

ऐतिहासिक, धार्मिक एवम् पर्यटकीय क्षेत्रसँग जोडिएको वीरगंज, कलैया, गढीमाई, सिम्रौनगढ हुँदै पूर्वपश्चिम रहेको हुलाकी राजमार्गलाई कम्तीमा पनि ६ लेनको बनाउन आवश्यक रहेको बताउँदै आजपा अध्यक्ष साहले जनस्तरबाटै बहिरा सरकारलाई दबाब दिनुपर्ने बताए ।

आम विद्यार्थी मोर्चाका बारा अध्यक्ष कृष्ण साहको अध्यक्षतामा सम्पन्न कार्यक्रममा आजपाका वरिष्ठ उपाध्यक्ष उपेन्द्र साह, उपाध्यक्ष अशोक लामा, महासचिव त्रिभुवन साह, अशोक राई नेतृत्वको जसपाका नेता एवम् संविधान सभा सदस्य प्रमोद गुप्ता, जसपाकै नेता एवम् मधेश प्रदेश सभाका पूर्व मधेश प्रदेश सभा सदस्य पारस साह, नेकपा (माओवादी केन्द्र) कलैया नगरकमिटी अध्यक्ष मुकेश साह आजपा सचिव उमेश कुशवाहा, जनमत पार्टी बारा ईन्चार्ज शिवनाथ पटेल, आम महिला मोर्चाका अध्यक्ष कुमारी बबिता, आम विद्यार्थी मोर्चाका अध्यक्ष बिबेक साह, आजपा नेता विजय यादव निर्बिज, श्रीनारायण पटेल, राजकिशो साह सहित विभिन्न पार्टीका नेताकार्यकर्ता सर्वसधारण लगायतको विशेष सहभागिता रहेको थियो ।

# यूपी उपचुनावमा भाजपाले आठ भन्दा बढी सीट जित्नेछः शाक्य

**मिश्रीलाल मधुकर**
**यशवंत नगर ।**
भारतको उत्तर प्रदेश राज्यका यशवंत क्षेत्रबाट भारतीय जनता पार्टी (भाजपा)का उम्मेदवार विवेक शाक्य (गुड्डु)ले प्रदेश सभा(विधान सभा) उपनिर्वाचनमा भाजपाले १० वटा सिटमा विजयी हुने दाबी गरेका छन् । शाक्य समाजवादी पार्टी (सपा) उम्मेदवार उत्तर प्रदेशका पूर्व मुख्यमन्त्री तथा समाजवादी पार्टी का राष्ट्रीय अध्यक्ष अखिलेश यादवका काका शिव पाल यादवको प्रतिद्वन्द्वीको



रुपमा यशवंत क्षेत्रमा प्रतिस्पर्धा गरिरहेका छन् ।

जनकपुरधाम उपमहानगरपालिका वडा नं. २३ का वडाअध्यक्ष राघवेन्द्रको नेतृत्वमा यशवंत नगर पुगेको नेपाली टोलीसँगको सम्वादमा शाक्यले भने, 'योगी राजमा गुण्डा र बदमाशको कुनै स्थान छैन ।

सम्माननीय प्रधानमन्त्री श्री नरेन्द्र दामोदरदास मोदीजीको सहयोग सबका साथ, सबका विकास र सबका विश्वास नारा सार्थक हुँदै गइरहेको छ । देशलाई मोदीले मात्र सुरक्षित राख्न सक्छ भन्ने जनताले बुझेका छन् ।' उनले थपे, 'विवेक शाक्यले राम मन्दिर निर्माण, कश्मीरबाट धारा ३७० हटाउने, तीन तलाक जस्ता कुराहरू असम्भव थिए तर मोदीले सम्भव बनाएको बताए । विपक्षीले मञ्चबाट सधैं चुनौती दिए कि भाजपामा हिम्मत छ भने हटाउने प्रयास गर्नुहोस् । भाजपाले गरेको छ ।' विवेक शाक्यले आगामी सरकार पनि योगीको नेतृत्वमा बन्ने दाबी गरे ।

कार्यक्रममा नेपाल टेलिभिजनका वरिष्ठ पत्रकार श्री नारायण साह, रमेश साह, जनकपुरधाम उपमहानगरपालिकाका कार्यकारी सदस्य दीपेन्द्र साहलगायतको उपस्थिति रहेको थियो ।

# ए प्लस हस्पिटलमा थप चार वटा सेवा विस्तार

**मधेशदृष्टि**
**कलैया ।**
बाराको कलैयामा अवस्थित ए प्लस हस्पिटलले आफ्नो सेवा विस्तार गरेको छ ।

अस्पतालले थप चार वटा सेवा विस्तार गरिएको हो । अस्पतालले लेजर लाईट तथा दुरबिन ल्यापरोस्कोपी मेसिनको प्रयोगबाट पितको थैलीको, पत्थरीको अप्रेसन, पेसाबसम्बन्धि सम्पूर्ण अप्रेसन तथा नाक, कान, घाँटी सम्बन्धि सम्पूर्ण अप्रेसन सुरु भएको हो । नेपाल विद्युत प्राधिकरण कलैया शाखासँगै रहेको अस्पतालले आफ्नो सेवाग्राहीलाई थप गुणस्तरीय र प्रभावकारी सेवा दिन विभिन्न प्राविधिक उपकरणहरु थपेको छ ।

'स्वास्थ्य नै धन हो, सेवा नै धर्म हो' भन्ने मुल नाराका साथ अग्रसर अस्पतालले स्वास्थ्य क्षेत्रमा नयाँ आयाम थप्दै आफ्नो सेवाहरु बढाउँदै जाने प्रतिबद्धता अनुरुप लेजर लाईट तथा दुरबिन ल्यापरोस्कोपी मेसिनको प्रयोगबाट सेवाग्राहीलाई सेवा दिन सुरु गरेको अस्पतालका वरिष्ठ फिजिसियन डा बिकेश पाण्डयले बताए ।



वीरगंजस्थित नारायणी अस्पतालका वरिष्ठ सर्जन तथा प्रादेशिक अस्पताल कलैयाका पूर्व मेडिकल सुपरिटेन्डेन्ट डा. सुनिल जयसवाल, वरिष्ठ सर्जन डा. उज्वल दास, अनेशथेसिया डा. अमित चौधरी, ओटी असिस्टेन्टद्वय प्रमोद पण्डित, बिनित श्रीवास्तव र मेडिकल इन्चार्ज प्रमोद मण्डललगायतको टीमले अहिलेसम्म ७० भन्दा बढ़ी शल्यक्रिया सफलता पूर्वक सम्पन्न गरेको डा पाण्डेयले बताए । आगामी दिनमा अस्पतालमा थप प्रविधियुक्त उपकरण थप्दै जाने र सम्पूर्ण सेवाग्राहीलाई अझ गुणस्तरीय सेवा उपलब्ध गराउने डा. पाण्डेयले प्रतिवद्धता व्यक्त गरे ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका-१३, पर्सा, मोबाइल नं.-९८५५०२१२८१, कार्यालयः जनकपुरधाम-२, भानुचोक, किशोरी नगर, फोन नं.-०४१-५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन